नेपाल सरकार

भूमि व्यवस्था,सहकारी,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि समस्या समाधान समिति

वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८२/०८३)

प्रकाशकः- भूमि समस्या समाधान समिति, ताहाचल, काठमाडौं
फोन नं. ०१-५३१३९३२
इमेलः info@lirc.gov.np
वेव साइटः www.lirc.gov.np
प्रकाशन मितिः- २०८३ भाद्र १८

भनाई

विगत लामो समय देखि नेपालमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन प्रमुख सवालको रूपमा रहेको छ। भूमिमा रहेको अनौपचारिक भू-सम्बन्धका कारण भूमिको ठुलो हिस्सा भूमि र राजस्व प्रशासनको दायरामा आउन सकेको छैन। नेपालको संविधानको धारा ३७ मा रहेको आवासको हक, धारा ४० को उप धारा (५) रहेको राज्यले भूमिहीन दलितलाई कानून वमोजिम एकपटक जमिन उपलब्ध गराउनु पर्ने व्यवस्था ,सोही उपधारा (६) मा रहेको राज्यले आवास विहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ भन्ने व्यवस्था, धारा ४२ मा रहेको सामाजिक न्याय सम्बन्धी हक, धारा ५१ (ङ) मा रहेको वैज्ञानिक भूमिसुधार लागू गर्ने नीति, सोही धाराको (ञ) मा कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासको लागि घर घडेरीसमेतको व्यवस्था गर्ने नीति कार्यान्वयनको लागि भूमि सम्बन्धी ऐन, २०२१ मा आठौं संशोधन गरिएको हो।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न ऐनको दफा ५२क, ५२ख र ५२ग को व्यवस्था गरी राज्यका नीति कार्यान्वयन गर्ने विषयलाई सम्बोधन गर्न भूमि सम्बन्धी ऐन, २०२१ (आठौं संशोधन) ले विशेष व्यवस्था गरेबमोजिम (नेपाल सरकार) मन्त्रिपरिषद्को निर्णयबाट भूमि सम्बन्धी (एक्काईसौं संशोधन) नियमहरु, २०२१ स्वीकृत गरी मिति २०८३ जेठ २० गते देखि भूमि समस्या समाधान समिति गठन भई समितिले कार्य गरिरहेको छ। यसै सन्दर्भमा २०८३ असार मसान्तसम्ममा भूमि समस्या समाधान समितिले गरेका निर्णय, तिनको कार्यान्वयनको अवस्था तथा समितिले सम्पादन गर्नुपर्ने कार्यलाई संक्षिप्त रुपमा यो प्रतिवेदनमा समेटिएको छ ।

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन तथा विगतका आयोग, समिति वा कार्यदलका बाँकी काम सम्पन्न गरी भूमि र आवासको अधिकारमा सवैको पहुँच र स्वामित्व स्थापित गराई देशबाट भूमिहीनताको अन्त्य गर्ने कार्यलाई साकार रूप प्रदान गर्न समितिले गतिशीलताका साथ कार्य प्रक्रिया सञ्चालन गरिरहेको अवस्था छ ।

भूमि समस्या समाधान समितिले आ.व. २०८२/०८३ मा सम्पादन गरेका मुख्य-मुख्य काम कारबाहीहरू ४ वटा परिच्छेदमा विभाजन गरी समेटिएको प्रस्तुत वार्षिक प्रतिवेदनको सफ्टकपी सरोकारवाला सवैको जानकारीका लागि आयोगको वेबसाइट www.lirc.gov.np मा पनि राखिएको छ।

यो प्रतिवेदन तयार पार्ने कार्यमा सहयोग पुऱ्याउनु हुने भूमि व्यवस्था, सहकारी, सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नापी विभाग, सवै जिल्लाका नापी र भूमि प्रशासन कार्यालयहरू, प्रदेश सरकारहरू, जिल्ला समितिहरू, स्थानीय तहहरू तथा भूमि समस्या समाधान समितिका पदाधिकारीज्यूहरू, समितिका कर्मचारीहरू लगायत सरोकारवाला सबैमा हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु ।

वलभद्र बाँस्तोला
अध्यक्ष

विषय सूची

पेज नं

परिच्छेद -१ प्रारम्भिक ५

१.१ पृष्ठभूमि ५

१.२ समितिसँग सम्बन्धित मुख्यमुख्य कानुनहरू ६

१.३ समितिको मूल जिम्मेवारी ६

१.४ समितिको संरचना ६

१.५ जिल्ला समितिको संरचना ६

१.६ समितिको काम, कर्तव्य र अधिकार ७

१.७ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाइ जग्गा उपलब्ध गराइ व्यवस्थापन गर्ने तहगत प्रक्रियाहरु ७

परिच्छेद -२ समितिको कार्ययोजना तर्जुमा १७

२.२ वार्षिक कार्ययोजना १७

२.३ समितिको आगामी रणनीति (८२/८३ को कार्ययोजना) १९

२.४ समितिले अवलम्बन गर्ने कार्य प्रक्रिया २०

२.५ कार्यविधि तर्जुमा र स्वीकृति २१

२.६ कार्य सहमति पत्रमा हस्ताक्षर, लगत संकलनको सूचना प्रकाशन, लगत संकलन र प्रणालीमा प्रविष्टिको अवस्था २१

२.६.१ कार्य सहमति पत्रमा हस्ताक्षर भएका स्थानीय तहहरू २१

२.६.२ लगत संकलनको सूचना प्रकाशन २२

२.६.३ भूमि समस्या समाधान समितिको सूचना प्रणाली (NALCIS) मा स्थानीय तहद्वारा भएको लगत प्रविष्टिको अवस्था २३

२.७ विगतका आयोग, समिति र कार्यदलबाट सम्पन्न हुन बाँकी (अधुरा) कामको विवरण ४२

२.७.१. विगतका आयोग | समिति | कार्यदलको अधुरा अपुरा कार्य सम्बन्धी विवरण ४२

२.७.२. समितिले ३५ दिने सूचना प्रकाशन गरे अनुसार विगतका आयोगबाट अधुरा रही पेस भएका निवेदन संख्या विवरण ४३

२.७.३ जग्गा दर्ता समितिको बाँकी काम ४५

२.८ आयोगबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई आ.व. २०८१/८२ मा वितरण भएको जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपूर्जा) सम्बन्धी विवरण ४६

२.९ समितिबाट आ.व. २०८२/८३ मा भएका अधुरा कार्य सम्पादनसम्बन्धी विवरण ४७
२.१० समितिबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई आ.व २०८३/८३ मा वितरण भएको जग्गाधनी दर्ता प्रमाण पूर्जा (लालपूर्जा) सम्बन्धी विवरण..... ४८
२.११ २०७७ सालपछि गठन भएका आयोग र समितिबाट हालसम्म वितरण भएका जग्गाधनी प्रमाण पुर्जा सम्बन्धि विवरण (जिल्लागत) ५०
२.१२ हालसम्म भएका उपलब्धि..... ५१

परिच्छेद -३ समितिको संस्थागत क्षमता सुदृढीकरणको अवस्था..... ६२
३.१ लगत प्रविष्टि, वर्गीकरण, दस्तुर निर्धारण, पूर्जा/स्रेस्ता/नक्सा सम्बन्धी प्रणाली निर्माण ६२
३.२ वेबसाइट निर्माण..... ६२
३.३ आ.व २०८२/८३ मा **NALCIS मा देहाय बमोजिमको स्तरोन्नति गरिएको छ** ६२
३.४ समितिको सङ्गठन संरचना र शाखागत कार्य विवरण ६४
३.५ प्रकाशन ६७
३.६ गुनासो व्यवस्थापन..... ६८
परिच्छेद -४ विविध ७१
४.१ समितिको बैठक संख्या र निर्णय..... ७१
४.२ समितिका पदाधिकारी र कर्मचारीको विवरण..... ८०
४.३ जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरणका केही झलकहरू..... ८१

परिच्छेद १
प्रारम्भिक

१.१ पृष्ठभूमि

भूमि प्रकृति प्रदत्त सम्पदा हो। यो मानव जातिका लागि गास, बास, कपास जस्ता जीवनका आधारभूत आवश्यकता पूरा गर्ने मुख्य स्रोत हो। कृषिप्रधान देश नेपालका लागि भूमि मुख्य उत्पादनको साधन हो। यो कृषि तथा खाद्य उत्पादन, उद्योगधन्दा कलकारखानाका विभिन्न कच्चा पदार्थ उत्पादनका साथै मानव जीवन र जीविकाका अधिकांश दैनिक क्रियाकलापहरूको मुख्य थलो हुनुका साथै सांस्कृतिक पहिचान र समृद्धिको आधार पनि हो। यसर्थ, भूमि मानव जीवनको अभिन्न हिस्सा हो।

नेपालको संविधानमा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक, आवासको हक, कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने सम्पत्तिको हक; प्रत्येक किसानलाई कानुन बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा समुचित उपयोग गर्ने; अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने; मुक्त कमैया, कमलरी, हरवा-चरवा, हलिया पहिचान गरी बसोबासका लागि घर, घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन उपलब्ध गराउने संवैधानिक व्यवस्था छ। त्यसलाई लागू गर्न भूमि सम्बन्धी ऐन, २०२१ मा आवश्यक संशोधन गरिएको छ। नेपालको संविधान र कानुनी व्यवस्थाबमोजिमका हक र अधिकारलाई कार्यान्वयन गर्न भूउपयोग ऐनका आधारमा उपलब्ध भूमिको वैज्ञानिक र महत्तम उपयोग गर्न, भूमिको बहुआयामिक व्यवस्थापन गर्न र भूमि प्रशासनलाई जनमुखी बनाई आम जनताको सहज र सरल पहुँचसहितको सुशासन कायम गर्नु राज्यको दायित्व हो।

सोही दायित्वलाई कार्यान्वयन गर्ने सम्बन्धमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२क.को उपदफा (३) र ५२ख.को उपदफा (६) बमोजिम नेपाल सरकारबाट २०८३ जेठ २० गते भूमि समस्या समाधान समितिको गठन भएको हो।

दूरदृष्टिः

आम नेपाली नागरिकको आवास र भूमिमाथिको पहुँच तथा अधिकारसहितको खाद्यसम्प्रभुता समतामूलक, समुन्नत र समृद्ध नेपाल।

ध्येयः

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको आवास तथा भूमिमाथिको पहुँच र स्वामित्व स्थापित गराई देशबाट भूमिहीनताको अन्त्य, भूमिको महत्तम उपयोग र जनमुखी एवं न्यायपूर्ण भूमि व्यवस्था स्थापित गर्न योगदान गर्ने।

उद्देश्यः

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको पहिचान, प्रमाणीकरण र अभिलेखीकरण गर्ने/गराउने।
२. आवश्यक कार्ययोजना, मापदण्ड, कार्यविधि, कार्यतालिका र प्रणालीहरू तय गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको आवास र भूमिमाथिको पहुँच र अधिकार स्थापित गराई देशबाट भूमिहीनता र भूमिमा आधारित शोषण एवं विभेदको अन्त्य गर्ने।
३. कृषि पेशामा संलग्न भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई स्वामित्व सहित कृषिका लागि जमिन उपलब्ध गराउने। भूमिलाई उत्पादनको साधनका रूपमा स्थापित गराई उपलब्ध भूमिको वैज्ञानिक तथा महत्तम उपयोग गरी भूमिमाथि पहुँच र स्वामित्व प्राप्त गरेका किसानहरूको जीवनस्तर माथि उकास्न सहयोग गर्ने।
४. जोखिमयुक्त वा कानुनले निषेध गरेका स्थानहरूमा बसोबास गर्दै आएका वास्तविक भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरूलाई योजनाबद्ध ढंगले स्थानान्तरण गर्ने।
५. विगतका आयोग र समितिहरूका अधुरा कार्यहरू सम्पन्न गर्न आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्ने।
६. समितिका कार्यहरू सम्पादन गर्दा स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसँग आवश्यक सम्पर्क, समन्वय र सहकार्य गर्ने।
७. समितिको गठन आदेशमा उल्लेखित काम, कर्तव्य र अधिकारका साथै नेपाल सरकारले तोकेका अन्य कार्यहरूमार्फत भूमिसम्बन्धी बहुआयामिक समस्याहरूलाई दीर्घकालीन रूपले समाधान गर्न योगदान गर्ने।

मूल्य मान्यता

१. निष्पक्षता
२. पारदर्शिता
३. जवाफदेहिता
४. समन्वय र सहकार्य
५. जनमुखी, इमानदार र मितव्ययी कार्यसम्पादन
६. समावेशी तथा सहभागितामूलक लोकतान्त्रिक अभ्यास
७. सामाजिक न्याय र उत्पादकत्व वृद्धि

१.२ समितिसँग सम्बन्धित मुख्य-मुख्य कानुनहरू

- नेपालको संविधान
  - धारा २५, सम्पत्तिको हक
  - धारा ३६, खाद्यसम्बन्धी हक
  - धारा ३७, आवासको हक
  - धारा ४०, दलितको हक
  - धारा ४२, सामाजिक न्यायको हक
  - धारा ५१, राज्यका नीतिहरूः (ङ) कृषि र भूमिसुधारसम्बन्धी नीति र (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति
- भूमि सम्बन्धी ऐन, २०२१ (आठौँ संशोधनसमेत)
- भूमि सम्बन्धी (एक्काइसौँ संशोधन) नियमहरु २०२१
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८३
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३
- विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८३

१.३ समितिको मूल जिम्मेवारी

- भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई आवास वा कृषिका लागि जग्गा उपलब्ध गराउने
- अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने
- विगतका आयोगले गरेका अधुरा कामहरूको अध्ययन र त्यसको निरुपण गर्ने

१.४ समितिको संरचना

भूमि सम्बन्धी (एक्काइसौँ संशोधन) नियमहरु २०२१ मा भएको व्यवस्थाबमोजिम देहायअनुसार पदाधिकारीहरू रहेको भूमि समस्या समाधान समिति गठन हुने व्यवस्था छ।

(क) नेपाल सरकार मन्त्रिपरिषदले नियुक्ति गरेको व्यक्ति	- अध्यक्ष
(ख) नेपाल सरकार मन्त्रिपरिषदले नियुक्ति गरेको (कम्तिमा एकजना महिला सहित) ३ जना विज्ञ	- सदस्य
(ग) मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत	- सदस्य सचिव

१.५ जिल्ला समितिको संरचना

भूमि सम्बन्धी (एक्काइसौँ संशोधन) नियमहरु, २०२१ मा भएको व्यवस्थाबमोजिम समितिको काम, कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न जिल्लामा देहायबमोजिमको जिल्ला समिति रहने व्यवस्था छः-

(क) प्रमुख जिल्ला अधिकारी	-अध्यक्ष
(ख) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला भित्रको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत	-सदस्य
(ग) जिल्ला समन्वय अधिकारी	-सदस्य
(घ) प्रमुख, जिल्ला सदरमुकामस्थित भूमि प्रशासन कार्यालय	-सदस्य
(ङ) प्रमुख, जिल्ला सदरमुकामस्थित डिभिजन वन कार्यालय	-सदस्य
(च) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय	-सदस्य
(छ) प्रमुख, जिल्ला सदरमुकामस्थित नापी कार्यालय	-सदस्य सचिव

१.६ समितिको काम, कर्तव्य र अधिकारः

(क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणका लागि आधार र मापदण्ड तोक्ने।

(ख) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनका लागि आवश्यक ढाँचा तयार गरी स्वीकृत गर्ने।

(ग) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम स्थानीय तहमार्फत गर्ने।

(घ) सम्बन्धित भूमि प्रशासन कार्यालयसँग समन्वय गरी सम्बन्धित नापी कार्यालयबाट जग्गा नापजाँच गरी नक्सा स्रेस्ता तयार गर्ने वा गराउने।

(ङ) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण गर्ने।

(च) अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराएबापत ऐन बमोजिमको दस्तुर लिने।

(छ) ऐनको दफा ५२ख. को उपदफा (४) बमोजिमको जग्गा हो वा होइन भन्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहको समन्वयमा यकिन गर्ने वा गराउने।

(ज) स्थानीय तहबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क प्राप्त भएपछि सोहीबमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न कार्य प्रक्रिया सुरु गर्ने।

(झ) स्थानीय विशिष्टता समेतको आधारमा सहरी क्षेत्रमा सामूहिक आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्ने।

(ञ) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा गठन आदेश र प्रचलित अन्य कानुनको अधीनमा रही आवश्यक निर्णय गर्ने।

(ट) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जुनसुकै निकायसँग कागजात माग गर्न, व्यक्तिलाई झिकाई बुझ्न, कागज गराउन, स्थलगत सर्जमिन गर्न वा गराउन सक्ने।

(ठ) हदबन्दीभन्दा बढी भई रोक्का रहेका जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराउने।

(ड) नेपाल सरकारले तोकेका अन्य काम गर्ने।

१.७ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गा उपलब्ध गराइ व्यवस्थापन गर्ने तहगत प्रक्रियाहरु

प्रारम्भिक तयारी

- समिति र प्रदेश तथा स्थानीय तह बीच समझदारी
- सहजीकरण समिति गठन
- भूमि शाखा गठन
- जनशक्ति व्यवस्थापन र कार्ययोजना निर्धारण
- स्थानीय तहको अनौपचारिक भू-सम्बन्धको वस्तुस्थिति र परिवेश आँकलन
- तथ्याङ्क सकंलनको तयारी र प्रचारप्रसार
- तालिम तथा प्रशिक्षण

सूचना प्रकाशन

राष्ट्रियस्तरको दैनिक पत्रिकामा स्थानीय तहमा ३५ दिनको समय दिई लगत संकलन कार्यविधि २०८३ अनुसूची ५ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्ने ।

तथ्याङ्क संकलन तथा प्रविष्टि

- वडा प्रतिनिधिको रोहबरमा निवेदन फारम संकलन
- वडा अध्यक्षबाट प्रमाणित
- सूचना प्रणाली (NALCIS) मा तथ्याङ्कको प्रविष्टि
- लगत संकलन कार्यबिधि २०८३ को अनुसूची ६ बमोजिमको निस्सा वितरण

तथ्याङ्कको जाँचबुझ, प्रमाणीकरण तथा हस्तान्तरण

वडाबाट पहिचान र प्रमाणीकरण

- लगत संकलन कार्यबिधि २०८३ को अनुसूची ७ र ७ (क) को ढाँचामा दाबी बिरोधको सूचना प्रकाशन
- उजुरी परेमा वडास्तरीय सहजीकरण समितिले छानबिन गरी सिफारिस गर्ने र विवरण झुटो ठहरेमा निवेदन अस्वीकृत गर्ने
- बिबाद समाधान हुननसकेमा पालिकामा सिफारिस गर्ने
- पालिकाको सहजीकरण समितिबाट छानबिन र निर्णय गर्ने
- वडाबाट विवरण अध्यावधिक गर्ने
- अध्यावधिक विवरण वडा समितिबाट प्रमाणित गरी पालिकामा पठाउने ।

स्थानीय तहबाट पहिचान र प्रमाणीकरण

- वडाबाट प्रमाणीकरण भएका विवरणलाई स्थानीयतहले स्वीकृत गरी पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड कार्यबिधि २०८३ को अनुसूची १ र २ को ढाँचामा जिल्ला समिति समक्ष पेश गर्ने ।
- स्वीकृत विवरण भूमिशाखा प्रमुखले सूचना प्रणाली (NALCIS) मा रुजु गर्ने ।

जिल्लाबाट पहिचान र प्रमाणीकरण

- पालिकाबाट प्राप्त तीनपुस्ते सहितको प्रमाणीकरण भएको विवरण भूमि प्रशासन कार्यालय पुर्नपुष्टिको लागि पठाउने ।
- भूमि प्रशासन कार्यालयबाट प्राप्त विवरण अनुसार पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड कार्यबिधि,२०८३ को अनुसूची १ क र ३ बमोजिमको ७ दिने सूचना प्रकाशन गर्ने ।
- जिल्ला समितिले उजुरी परे छानबिन र थप प्रमाण बुझी प्रमाणीकरणको निर्णय गर्ने ।
- स्वीकृत विवरण जिल्ला समितिले सूचना प्रणाली (NALCIS) मा रुजु गर्ने र अस्वीकृत निवेदन अध्यावधिक गर्ने ।

नाप नक्साको तयारी तथा नाप नक्सा

- स्थानीय तहले बस्तीको तहगत क्षेत्र विभाजनको निर्णय गर्ने ।
- जिल्ला समितिले वितरण गर्न योग्य जग्गाको वर्गीकरणको निर्णय गर्ने ।
- नाप नक्साको प्रविधि र नापी टोली गठनको निर्णय गर्ने ।
- टोलीले नाप नक्सा गरिने क्षेत्रको लगत संकलन कार्यबिधि,२०८३ को अनुसूची ८ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्ने ।
- साविकमा नाप नक्सा भई नेपाल सरकारको नाममा कायम भएको जग्गाको हकमा भोग अनुसार फिल्डमा गई नाप नक्सा गर्ने ।
- नेपाल सरकारको नाममा कायम नभएको जग्गाको हकमा कायम गर्न जिल्ला समिति मार्फत भूमि प्रशासन कार्यालयमा लेखी पठाउने ।
- साविकमा नाप नक्सा नभएको जग्गाको हकमा मालपोत ऐन, २०३४ को दफा ७(१) बमोजिम सहमति लिई नेपाल सरकारको नाममा नाप नक्सा गरी दर्ता श्रेस्ता कायम गर्ने ।
- साविकमा वन क्षेत्रको हकमा डिभिजन वन कार्यालय अधिकृत प्रतिनिधिको रोहवरमा नाप नक्सा गर्ने, फिल्डबुकको कैफियत महलमा रोहवरवालाको सहीछाप गराउने र नेपाल सरकारको नाममा कायम गर्न जिल्ला समिति मार्फत भूमि प्रशासन कार्यालयमा लेखी पठाउने ।

- जिल्ला समितिले तोकेको प्रविधि अनुसार टोलीले नाप नक्सा गरी लगत संकलन कार्यबिधि २०८३ को अनुसूची ९ (फिल्ड मुचुल्का) र १० (कित्ता विवरण) बमोजिमको विवरण तयार गर्ने

नक्सा निर्माण, प्रतिवेदन तयारी, जाँचबुझ र हस्तान्तरण

- नापी टोलीले फिल्डबाट संकलन गरेको डाटाबाट नक्सा निर्माण गर्ने
- तोकिएको मापदण्ड अनुसार बढी भएको जग्गा कट्टा गरी अध्यावधिक नक्सा लगत संकलन कार्यबिधि,२०८३ को अनुसूची १२ को ढाँचामा तयार गर्ने
- स्थानीय तहले प्रचलित विधिबाट आफ्नो स्थानीय तह भित्रको भूमिहीन र अव्यवस्थित बसोबासीले आबाद कमोत गरेको जग्गाको नाप नक्सा गरी नक्सा नं. र कित्ता नं. कायम गरिसकेको भए नापी टोलीले आवश्यक चेकजाँच गरी मनासिब देखिए सोही नक्सा प्रमाणित गर्ने
- नापी टोलीले तयार गरेको नक्सा र प्रारम्भिक तेरिजको आधारमा प्रतिवेदन तयार गरी लगत संकलन कार्यबिधि,२०८३ को अनुसूची १३ को ढाँचामा वडामा सूचना प्रकाशन गर्ने र प्रमाणको आधारमा निवेदन सम्बन्धमा निर्णय समेत गरी ७ दिन भित्र प्रतिवेदनको अध्यावधिक गर्ने र अध्यावधिक प्रतिवेदन सहितको आधारमा पालिकाले जग्गा उपलब्ध गराउने कार्यबिधि,२०८३ को अनूसूची १ र २ को ढाँचामा जिल्ला समितिमा सिफारिस गर्ने

जिल्ला समितिले हकदाबीको सूचना र जग्गा दर्ता निर्णय

- जिल्ला समितिले दाबी बिरोधको लागि जग्गा उपलब्ध गराउने कार्यबिधि,२०८३ को अनुसूची ४ को ढाँचामा सूचना प्रकाशन गर्ने ।
- सार्वजनिक भएको सूचनाको सम्बन्धमा कुनै उजुर भए ७ दिन भित्र जिल्ला समितिमा लिखित उजुरी दिनु पर्ने र ७ दिन भित्र उजुरी ऊपर छानबिन गरी निर्णय गर्ने ।
- अध्यावधिक विवरणको आधारमा जिल्ला समितिले जग्गा दर्ताको निर्णय गर्ने ।
- जग्गा दर्ताको निर्णयको लिखित जानकारी समितिलाई गराउने ।
- जग्गा उपलब्ध गराउने कार्यबिधि २०८३ को अनुसूची ५ बमोजिमको नापी क्षेत्रीय किताब (फिल्डबुक) तयार गर्ने ।

जग्गा दर्ता गर्ने निर्णय कार्यान्वयन

भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा

- जग्गा दर्ताको लागि ७ दिनभित्र उपस्थित हुन जग्गा उपलब्ध गराउने कार्यबिधि,२०८३ को अनुसूची–६ बमोजिम सूचना प्रकाशन गर्ने
- जग्गा दर्ता गर्न आउने लाभग्राहीलाई नापी क्षेत्रीय किताब (फिल्डबुक) मा सहीछाप गराई निस्साको पीठमा स्थानीय तहको नाम, वडा नं, सीट नं., कित्ता नं. र क्षेत्रफल खुलाई प्रमाणित गरी फिर्ता गर्ने ।

अव्यवस्थित बसोबासीको हकमा

- जग्गा उपलब्ध गराउने कार्यबिधि,२०८३ को अनुसूची ७ बमोजिम राजश्व निर्धारणको विवरण सार्वजनिक गरी उजुरी परे सोको २१ दिन भित्र फछ्यौंट गर्ने र विवरण अध्यावधिक गर्ने ।
- जग्गा दर्ता गर्न आउने सम्बन्धी ७ दिनको सूचना जग्गा उपलब्ध गराउने कार्यबिधि,२०८३ को अनुसूची ८ बमोजिमको ढाँचामा प्रकाशन गर्ने ।
- निर्धारण गरेको दस्तुर बापतको रकम राजश्व खातामा दाखिला गरी सोको सक्कल भौचर सहित जिल्ला समितिमा पेश गर्ने ।
- जग्गा दर्ता गर्न आउने लाभग्राहीलाई नापी क्षेत्रीय किताब (फिल्डबुक) मा सहीछाप गराई निस्साको पीठमा स्थानीय तहको नाम, वडा नं, सीट नं., कित्ता नं. र क्षेत्रफल खुलाई प्रमाणित गरी फिर्ता गर्ने ।

जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाण-पूर्जा

- जिल्ला समितिले जाग्गा धनी दर्ता श्रेस्ता र पूर्जा तयार गर्ने ।
- तयार भएका श्रेस्ता र पूर्जा प्रमाणीकरणको लागि अध्यक्ष र सदस्य सचिव समक्ष पेश गर्ने ।
- जग्गा उपलब्ध गराउने कार्यबिधि,२०८३ को अनुसूची ११ बामोजिमको कार्यहरू पुरा भएको यकिन गरी पुर्जा वितरण गर्ने ।

- दस्तुर एकमुष्ट बुझाउन नसक्नेको हकमा जिल्ला समितिले तीन वर्ष भित्र दस्तुर चुक्ता गर्नेगरी किस्ता तोक्ने र सोको विवरण जग्गा धनी दर्ता श्रेस्ता र प्रमाण पूर्जामा समेत जनाउने ।
- सो जग्गा रोक्का गर्न भूमि प्रशासन कार्यालयलाई लेखी पठाउने ।

नक्सा तथा श्रेस्ता हस्तान्तरण

जिल्ला समितिबाट नक्सा (फिल्डबुक) र प्लट रजिष्टर सम्बन्धित नापी कार्यालयमा र दर्ता श्रेस्ता, मिसिल तथा निर्णय पुस्तिका सम्बन्धित भूमि प्रशासन कार्यालयमा पठाउने ।

श्रेस्ता अध्यावधिक

जग्गाधनीले प्रमाण पूर्जा प्राप्त गरेको मितिले ३० दिन भित्रमा भूमि प्रशासन कार्यालयमा उपस्थित भई आफ्नो जग्गाको विवरण भू-सूचना प्रणालीमा अध्यावधिक गराउने । अध्यावधिक गरेको मितिले १० वर्षसम्म विक्री वितरण गर्न नपाउने समयावधि लागू हुने व्यहोरा जनाउने ।

जग्गा उपलब्धता र अधिकतम क्षेत्रफल

भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई उपलब्ध हुने अधिकतम क्षेत्रफल

आवास र कृषि प्रयोजन

व.मि. = वर्ग मिटर; तराई क्षेत्रः वि.=विघा, क.=कट्ठा, धु.=धुर; पहाड/हिमाल क्षेत्रः रो.=रोपनी, आ.=आना, पै.=पैसा, दा.=दाम

क्षेत्र	आवास प्रयोजन			कृषि प्रयोजन (कृषि बाहेक अन्यमा प्रयोग गर्न नपाइने)		
	व.मि.	वि.-क.-धु.	रो.-आ.-पै.-दा.	व.मि.	वि.-क.-धु.	रो.-आ.-पै.-दा.
काठमाण्डौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा	१३०.०	०-०-७.६८	०-४-०-१.४२	भोग गरेको बाहेकलाई उपलब्ध नहुने		
महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्र बाहेकको क्षेत्र	३४०.०	०-१-०.०८	०-१०-२-३.०९	—	—	—
तराई र भित्री मधेशमा				२०००.००	०-५-१८.१२	३-१४-३-२.४१
हिमाल र पहाड				३०००.००	०-८-१७.१८	५-१४-१-

क्षेत्र	आवास प्रयोजन			कृषि प्रयोजन (कृषि बाहेक अन्यमा प्रयोग गर्न नपाइने)		
	व.मि.	वि.-क.-धु.	रो.-आ.-पै.-दा.	व.मि.	वि.-क.-धु.	रो.-आ.-पै.-दा.
						१.६२

अव्यवस्थित वसोवासीलाई उपलब्ध हुने अधिकतम क्षेत्रफल

आवाद कमोत गर्दै आएको स्थानमा आवास र कृषि प्रयोजन

व.मि. = वर्ग मिटर; तराई क्षेत्रः वि.=विघा, क.=कठ्ठा, धु.=धुर; पहाड/हिमाल क्षेत्रः रो.=रोपनी, आ.=आना, पै.=पैसा, दा.=दाम

क्षेत्र	आवास प्रयोजन			कृषि प्रयोजन		
	व.मि.	वि.-क.-धु.	रो.-आ.-पै.-दा.	व.मि.	वि.-क.-धु.	रो.-आ.-पै.-दा.
काठमाण्डौं उपत्यका र महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्रमा	१३०.०	०-०-७.६८	०-४-०-१.४२	उपलब्ध नहुने		
महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाको शहरी क्षेत्र बाहेकको क्षेत्रमा	१०००.००	०-२-१९.०६	१-१५-१-३.२१	१००००.००	१-९-१०.६१	१९-१०-२-०.०७

निवेदन तथा नाप नक्सा सम्बन्धमा जाँच गर्नुपर्ने विवरण

निवेदन सम्बन्धमा

क्र.स	कार्य विवरण
१	व्यक्तिगत तथा पारिवारिक विवरण

क्र.स	कार्य विवरण
२	तीन पुस्ते विवरण
३	एकाघर परिवारको नाता प्रमाणित
४	भोगावधि बारे स्थानीय तहको सिफारिस
५	आर्थिक विवरण/ आयका श्रोतहरू
६	स्वघोषणा
७	वडामा दर्ता निवेदन (रजिष्टर) र प्रणालीमा प्रविष्ट संख्या
८	निस्सा वितरण संख्या
९	वडा सहजीकरण समिति गठन
१०	स्थानीय तह सहजीकरण समिति गठन
११	प्रमाणीकरणको ७ दिने सूचना प्रकाशन
१२	रीत नपुगेका वा नकारात्मक सूचीका जग्गामा बसोबास गरेका निवेदक
१३	विविध

नाप नक्सा सम्बन्धमा

क्र.सं	कार्य विवरण
१	जग्गाको पहिचान
२	टोली गठन

क्र.सं	कार्य विवरण
३	नाप नक्साको सूचना प्रकाशन
४	विधि/प्रविधिको यकिन
५	लाभग्राही प्रमाणीकरण र केन्द्रलाई जानकारी
६	कित्तागत विवरणको तेरिज
७	फिल्ड मुचुल्का
८	नियन्त्रण विन्दु विवरण
९	नक्साको अवस्था

जग्गाधनी प्रमाण पूर्जा वितरण गर्न पुर्व पुरा हुनुपर्ने कार्यहरू

पालिकाः ..... वडा नं. ..... टोल/बस्ती .....

क्र.सं	कार्य विवरण
१	स्थानीय तहको क्षेत्र निर्धारण
२	स्थानीय तह र जिल्ला समितिबाट भएको प्रमाणिकरण
३	नक्सा प्रमाणित
४	फिल्डबुक प्रमाणित
५	क्षेत्रफल निर्धारण
६	जग्गा दर्ता गर्ने निर्णय
७	श्रेष्ठता र पूर्जा प्रमाणित
८	लाभग्राहीको वर्गीकरणको सूचना प्रकाशन

क्र.सं	कार्य विवरण
९	राजश्व निर्धारण सूचना प्रकाशन
१०	भरपाई किताब
११	प्लट रजिष्टर
१२	सरकारी निकायले भोग गरेको जग्गाको श्रेष्ता
१३	सार्वजनिक जग्गाको श्रेष्ता र पूर्जा
१४	सूचना प्रणालीमा रूजु
१५	वितरण हुने स्थानीय तहको रीत नपुगेको निवेदन अस्वीकृत
१६	कित्तागत विवरणको तेरिज
१७	फिल्ड मुचुल्का
१८	नियन्त्रण विन्दु विवरण
१९	नक्साको अवस्था
२०	अन्य

सूचनाः माथिका कार्यहरू जग्गाधनी प्रमाण पूर्जा वितरण गर्न पूर्व पूरा हुनुपर्ने कार्यहरू हुन् ।

उपलब्ध गराउन सकिने जग्गाको प्रकृति (नियमको ४१ क (४) को (१) को (घ))

- ऐनको दफा ५२ख. को उपदफा (४) को प्रतिकूल नहुने गरी नदी उकास लगायतका सरकारी जग्गा
- हदबन्दी भन्दा बढी भई प्राप्त वा जफत जग्गा, तर यस्तो जग्गा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई मात्र दिन सक्नेछ
- सम्बन्धित मन्त्रालयको सहमतिमा नेपाल सरकारद्वारा विशेष प्रयोजन खुलाई बसोबास गराइएका सरकारी निकायका जग्गा
- सम्बन्धित मन्त्रालयको सहमतिमा बसोबास व्यवस्थापन गर्ने उद्देश्यले गठित राष्ट्रिय आवास वा पुनर्वास कम्पनीलाई दिइएको भए तापनि सो कम्पनीको नाउँमा स्रेस्ता कायम नभएको र बिक्री वितरण हुन बाँकी रहेका जग्गा
- सम्पन्न भएका सरकारी आयोजनाका लागि प्रचलित कानूनबमोजिम प्राप्त गरिएका जग्गामध्ये सम्बन्धित मन्त्रालयको सहमतिमा सो आयोजनालाई आवश्यक नरहेको जग्गा
- सरकारी अमानती जग्गा
- लगती रसिद बमोजिम वहाल बिटौरी जग्गा
- साविक लगत नभिडेका वा व्यक्ति विशेषको हकदाबी नपुगेका ऐलानी, पर्ती, आँकडा, हले, पाटे, कोदाले, विरौटा, किपट र उखडा जग्गा
- अभिलेखमा वनक्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भई आवाद गुल्जार गरी बसोबास गरेका जग्गा
- नेपाल सरकारद्वारा घोषित औद्योगिक क्षेत्रमा बसोबास रहेको जग्गा

- साविकमा सडक जनिने गरी नाप नक्सा भए तापनि सम्बन्धित निकायले तोकेको सडक मापदण्ड भन्दा बढी रहेको जग्गामा बसोबास रहेको र सो बसोबासले उक्त सडक जनिएको कित्तासँग जोडिएको कित्ता असर नगर्ने भएमा त्यस्तो मापदण्ड भन्दा बढी भएको जग्गा

उपलब्ध गराउन नसकिने जग्गाको प्रकृति (ऐनको ५२ख. को उपदफा ४)

- धार्मिक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रअभित्रका जग्गा
- प्राकृतिक प्रकोप, विपद व्यवस्थापन र वातावरणीय संरक्षणकों दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा
- सार्वजनिक जग्गा, नदी, खोला वा नहर किनाराको जग्गा, जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा, राष्ट्रिय निकुंज वा संरक्षित क्षेत्रको जग्गा, हाल रुख बिरुवाले ढाकिएको बनको जग्गा र सडक सीमाभित्रका जग्गा
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगको लागि आवश्यक रहेको जग्गा
- अन्य तोकिए बमोजिमका स्थानका जग्गा

अनुसूची तालिका (Schedules)

लगत संकलन कार्यबिधि २०८३ — अनुसूची ५ : सार्वजनिक सूचना

अनुसूची नं.	विवरण	समय / अवधि
५	राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन	३५ दिन
६	निस्सा वितरण (लगत संकलन)	—
७ र ७(क)	दाबी बिरोधको सूचना (वडा)	—
८	नाप नक्सा क्षेत्रको सूचना	—

पहिचान र प्रमाणीकरण — अनुसूची १, १क, २, ३

अनुसूची नं.	विवरण	समय / अवधि
१ र २	स्थानीय तहबाट जिल्ला समितिमा पेश गर्ने ढाँचा	—
१क र ३	जिल्ला समिति सूचना प्रकाशन (७ दिने)	७ दिन
४	दाबी बिरोधको सूचना (जिल्ला समिति)	—
५	नापी क्षेत्रीय किताब (फिल्डबुक) तयारी	—

जग्गा दर्ता तथा पुर्जा वितरण — अनुसूची ६, ७, ८, ११

अनुसूची नं.	विवरण	समय / अवधि
६	भूमिहीन दलित/सुकुम्बासी दर्ताको सूचना	७ दिन
७	राजश्व निर्धारण विवरण सार्वजनिक (अव्यवस्थित)	उजुरी फछर्यौट २१ दिन
८	अव्यवस्थित बसोबासी दर्ताको सूचना	७ दिन
११	पूर्जा वितरण (कार्य पूरा भएपछि)	—

नक्सा तथा फिल्ड विवरण — अनुसूची ९, १०, १२, १३

अनुसूची नं.	विवरण	समय / अवधि
९	फिल्ड मुचुल्का	—
१०	कित्ता विवरण	—
१२	अध्यावधिक नक्सा (बढी जग्गा कट्टा)	—
१३	प्रतिवेदन (वडामा सूचना प्रकाशन)	

परिच्छेद -२

समितिको कार्ययोजना तथा क्रियाकलापहरूको उपलब्धि

२.२ वार्षिक कार्य योजना (८२/८३)

नीति तथा कार्यक्रम	बजेट वक्तव्य	मुख्य क्रियाकलाप	इकाई	बेसलाईन	लक्ष्य	माइल्स्टोन	इकाई	बेसलाईन	आर्थिक वर्ष 82/83को कार्यान्वयन समयसारिणी												कार्यन्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय
									प्रथम त्रैमासिक			दोस्रो त्रैमासिक			तेस्रो त्रैमासिक			चौथो त्रैमासिक				
									सा	भ	अ	का	मं	पु	मा	फा	चै	बै	जे	अ		
२२. भूमिहिन दलित सुकुम्वासी र अव्यवस्थित बसोवासीको व्यवस्थापन गरिनेछ ।	५६. भूमि सम्बन्धी कानूनमा संशोधन गरी भूमिहिन दलित,सुकुम्बासी र अव्यवस्थित समस्या स्थायिरुपमा समाधान गरिनेछ । आगामी आर्थिक बर्षभित्र	NALCIS System मा लगत प्रविष्टि गर्ने ।	स्थानीय तह	५२९	२२४	२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत प्रविष्टि गर्ने ।	स्थानीय तह	५२९	१५	१५	१५	१५	२०	२०	२०	२०	२४	३०	३०		स्थानिय तह	भूमि समस्या समाधान आयोग, जिल्ला समिति
		सत्यापन भएका पालिका मध्ये नाप नक्सांकन कार्य गर्ने	कित्ता संख्या	२६५०९९ कित्ता	८० हजार कित्ता	३. जग्गाको पहिचान गरी नाप नक्सांकन	कित्ता संख्या (हजार मा)	२.६५ हजार कित्ता				१०	१०	१०	१०	१०	१०	१०	१०		भूमि समस्या समाधान आयोग,	नापी कार्यालय, मालपोत

	लगत संकलन र प्रमाणीकरण गरी पाँच लाख परिवारलाई जग्गाधनी उपलब्ध गराईनेछ। यसका लागि स्रोत, साधन र जनशक्ति को अभाव हुन दिइनेछैन ।					कार्य गर्ने ।														जिल्ला समिति	कार्यालय
		जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण	संख्या(हजारमा)	४ हजार ९सय ९३	४.८८ लाख	४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी हरु लाई जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने ।	संख्या (हजारमा)	४.९९३	४.९९३	५	१०	१५	२०	२५	५०	७५	१००	२००	३००	४९२.९९		
		विगतका आयोग, समिति, कार्यदल र जग्गा दर्ता समितिले वितरण गरेका जग्गासँग सम्बन्धित अधुरा कार्य सम्पन्न गर्ने	संख्या (हजारमा)	३.२२७ (३ हजार २ सय २७)	12 हजार	५. जिल्ला समितिले छानविन कार्य सम्पन्न गरी स्वामित्व, श्रेस्ता र नक्सा सम्बन्धी अधुरा कार्य फछर्योट गर्ने	संख्या (हजारमा)	३.२२७	३.७२७	४.२२४	४.७२७	५.७२७	६.७२७	७.७२७	८.७२७	९.७२७	१०.७२७	१२.२२७	१३.७२७	१५.२२७		

२.३ समितिको आगामी रणनीति

- लगत संकलन, प्रविष्टि र प्रमाणीकरणको कार्यलाई वडा, स्थानीय तह र जिल्ला समिति मार्फत घोषणा गर्दै जाने।
- प्रमाणीकरणको आधारमा नापनक्सांकनको कार्य समयमै सम्पन्न गर्ने।
- आगामी दुई वर्षभित्र भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या समाधान गरिसक्ने।
- विगतका आयोग, कार्यदल, समितिका सबै बाँकी/अधुरा कार्यसम्बन्धी समस्या समाधान गर्ने।
- आयोगको उदेश्य पूर्तिका लागि सरोकारवाला सबै पक्षलाई सहयोगको लागि अनुरोध गर्ने।
- आयोगको वार्षिक कार्ययोजना २०८२/२०८३ बमोजिम कार्य गर्ने।

२.३.१ (वार्षिक कार्ययोजना २०८२/०८३)

नीति तथा कार्यक्रम	बजेट वक्तव्य	मुख्य क्रियाकलाप	इकाई	बेसलाईन	लक्ष्य	माइल्स्टोन	इकाई	बेसलाईन	आर्थिक वर्ष 83/84को कार्यान्वयन समयसारिणी												कुल जम्मा लक्ष्य	कार्यन्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय
									प्रथम त्रैमासिक			दोस्रो त्रैमासिक			तेस्रो त्रैमासिक			चौथो त्रैमासिक					
									सा	भ	अ	का	मं	पु	मा	फा	चै	बै	जे	अ			
18. नापी र मालपोत सेवालाई एकीकरण गरी जग्गा प्रशासन सेवा चरणबद्ध रूपमा सबै स्थानीय तहमा विस्तार गरिनेछ। आधुनिक प्रविधिबाट भूमिको नाप नक्सा गरी अभिलेख अध्धावधिक गर्ने प्रकृया अगाडि बढाइनेछ ।भूमिको स्वामित्व र उपयोगबिचको सन्तुलन कायम हुने गरी असुरक्षित	50 (ड). भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यव स्थित बासोबासीको व्यव स्थापन गर्ने कार्य आगामी वर्षभित्रै सम्पन्न गर्ने व्यव स्था मिलाउनेछौं ।	भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यव स्थित बसोबसी हरुको प्रमाणीकरण	संख्या(हजारमा)	९.३	1300 हजार	१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यव स्थित बसोबसी हरुको पहिचान र प्रमाणीकरण	संख्या(हजारमा)	९.३	५०	२००	२५०	२५०	२५०	३००							13 लाख	भूमि समस्या समाधान समिति, जिल्ला समिति	भूमि समस्या समाधान समिति, नापी कार्यालय, भूमि प्रशासन कार्यालय, स्थानिय तह
		जग्गा पहिचान गरी नाप नक्सांकन गर्ने	कित्ता संख्या (हजारमा)	354	300 हजार	2. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यव स्थित बसोबसी हरुलाई	कित्ता संख्या (हजारमा)	३५४		५	१५	२५	३०	३०	३०	३०	३०	३५	४०	3 लाख	भूमि समस्या समाधान समिति, जिल्ला भूमि	भूमि समस्या समाधान समिति, नापी कार्यालय,

स्थानमा बसोबास गर्ने, भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासी को समस्या दीर्घकालिन समाधान का लागि सुरक्षित र उचित बसोबास को व्यवस्थापन गरिनेछ ।					उपलब्ध गराउने जग्गाको नाप नक्सा																समस्या समाधान समिति, स्थानीय तह	भूमि प्रशासन कार्यालय, स्थानीय तह, प्रदेश सरकार
	भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबसी हरुलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने ।	संख्या (हजारमा)	९.३	५०० हजार	३. भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबसी हरुलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने	कित्ता संख्या (हजारमा)	९.३	0	१०	३०	३०	४०	५०	५०.०	५०	६०	६०.०	६०	६०	5 लाख	भूमि समस्या समाधान समिति, जिल्ला भूमि समस्या समाधान समिति, स्थानीय तह	भूमि समस्या समाधान समिति, नापी कार्यालय, भूमि प्रशासन कार्यालय, स्थानीय तह, प्रदेश सरकार

२.४ समितिले अवलम्बन गर्ने कार्य प्रक्रिया

- स्थानीय तहसंग कार्यसहमतिपत्रमा हस्ताक्षर गर्ने।
- लगत संकलनका लागि निवेदन दिने ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने।
- स्थानीय तहमार्फत लाभग्राही पहिचान गरी निवेदन/लगत संकलन गर्ने।
- लगत प्रणालीमा प्रविष्टि गर्ने।
- वडा समितिले निवेदनको जाँचबुझ गरी कार्यपालिकालाई सिफारिस गर्ने।
- कार्यपालिकाले प्रमाणीकरण गरी आयोगलाई सिफारिस गर्ने।
- आयोगले आवश्यक जाँचबुझ गरी प्रमाणीकरण गर्ने।
- आयोगले स्थानीय तहको समन्वयमा वितरण वा व्यवस्थापन गरिने नकारात्मक सूचीबाहेकका सरकारी जग्गाको पहिचान, छनोट र वर्गीकरण गर्ने।
- सम्बन्धित नापी कार्यालयमार्फत जग्गा नाप जाँच गर्ने।
- नक्साको database र भूमि लगत तयार गर्ने।
- भूमिहीनलाई जग्गा वितरणको निर्णय फिल्डबुक तयारी र जग्गा दर्ता गर्ने कार्य गर्ने।
- अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण र राजश्व निर्धारण गर्ने।
- अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने निर्णय फिल्डबुकमा दर्ता तथा राजश्व भुक्तानी गराउने,

- सेस्ता पूर्जा वितरण गर्ने।
- कार्यान्वयनका लागि नापी/मालपोत कार्यालयमा हस्तान्तरण गर्ने।

२.५ कार्यविधि तर्जुमा र स्वीकृति

भूमि समस्या समाधान समितिले काम कारवाहीलाई सरल,सहज,व्यवस्थित र काम कारवाहीमा एकरूपता कायम गर्न देहायका आधार तथा मापदण्ड भूमि समस्या समाधान समितिबाट र कार्यविधिहरु मन्त्रालयबाट स्वीकृत गरेको छ:-

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८३
- विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८३
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३

२.६ <u>कार्यसहमति पत्रमा हस्ताक्षर, लगत संकलनको सूचना प्रकाशन, लगत संकलन र प्रणालीमा प्रविष्टिको अवस्था</u>

२.६.१ कार्यसहमति पत्रमा हस्ताक्षर भएका स्थानीय तहहरू

आ.व. २०८२/०८३ सम्म ७५३ स्थानीय तह मध्ये ७५१ स्थानीय तहसँग कार्यसहमति पत्रमा हस्ताक्षर भएको छ। तपसिल बमोजिमको स्थानीय तह बाहेक सम्पूर्ण स्थानीय तहहरुमा कार्यसहमति पत्रमा हस्ताक्षर भएको।

सि.नं.	प्रदेश	जिल्ला	स्थानीय तह
१	वागमती प्रदेश	ललितपुर	ललितपुर महानगरपालिका
२	वागमती प्रदेश	भक्तपुर	भक्तपुर नगरपालिका

२.६.२ लगत संकलनको सूचना प्रकाशन

सि. न	प्रदेश	जम्मा स्थानीय तह	जम्मा सहमती भएको स्थानीय तह	सहमती हुन बाँकी स्थानीय तह	सुचना प्रकाशन मिति र संख्या																	
					2078/09/25	2078/11/26	2078/12/17	2079/5/1	2079/5/२९	2079/9/22	2079/11/04	2080/5/29	2080/5/29	2080/1/11	2080/1/11	2081/11/24	2081/11/24	2081/1/31	2082/2/29	2082/2/29	2082/04/30	३५ दिने सुचना बाँकी
१	कोशी	१३७	१३७	०	0	0	0	0	0	0	0	0	0	0	0	0	0	0	0	0	१३७	0
२	मधेश	१३६	१३६	०	१३	१४	५	४०	२०	0	२	१४	१७	८	१८	0	२	१६	१	६०	१३५	१
३	बागमती	११९	११८	२	९	२८	१६	४१	१०	३	२	३	३९	३	२४	0	0	२	0	२६	११७	२
४	गण्डकी	८५	८५	०	३	१९	११	४१	१०	0	0	१	४	0	१४	0	0	0	0	३३	८५	0
५	लुम्बिनी	१०९	१०९	०	१२	२७	२८	२३	१५	0	0	१	६	२	२४	१	८	0	0	२१	१०९	0
६	कर्णाली	७९	७९	०	३	६	४	१८	३८	३	0	१	१	0	१८	0	0	३	0	३०	७९	0
७	सुदूरपश्चिम	८८	८८	०	१२	१२	६	४५	८	२	१	१	१९	१	१८	०	२	०	०	१७	८८	0
जम्मा		७५३	७५१	२	५२	१०६	७०	२०८	१०१	८	५	२१	८६	१४	११६	१	१२	२१	१	१८७	७५०	३
		99.60 %	मितिः २०८३/०३/३० सम्म सहमति भएको स्थानीय तह संख्या= ७५१																			
			मितिः २०८३/०३/३० सम्म सूचना प्रकाशन भएको स्थानीय तह संख्या= ७५०																			

२.६.३. भूमि समस्या समाधान समितिको सूचना प्रणाली (NALCIS) मा स्थानीय तहद्वारा भएको लगत प्रविष्टिको अवस्था (स्थानियगत)

प्रदेश	भूमिहीन दलित	भूमिहीन सुकुम्बासी	अव्यवस्थित बसोबासी	जम्मा
कर्णाली प्रदेश	**3298**	**1621**	**55017**	**59936**
कालिकोट	**41**	**6**	**1258**	**1305**
खाँडाचक्र नगरपालिका	1	0	191	192
तिलागुफा नगरपालिका	7	3	85	95
नरहरिनाथ गाउँपालिका	0	0	177	177
पचाल झरना गाउँपालिका	9	2	128	139
पलाता गाउँपालिका	2	0	199	201
महावै गाउँपालिका	4	0	42	46
रास्कोट नगरपालिका	4	0	0	4
शुभ कालिका गाउँपालिका	6	1	360	367
सान्नी त्रिवेणी गाउँपालिका	8	0	76	84
जाजरकोट	**226**	**103**	**8219**	**8548**
कुसे गाउँपालिका	23	14	881	918
छेडागाड नगरपालिका	62	14	2101	2177
जुनीचाँदे गाउँपालिका	1	0	75	76
नलगाड नगरपालिका	43	14	1461	1518
बारेकोट गाउँपालिका	42	34	1071	1147
भेरी नगरपालिका	44	21	2200	2265
शिवालय गाउँपालिका	11	6	430	447
जुम्ला	**123**	**22**	**2181**	**2326**
कनका सुन्दरी गाउँपालिका	1	0	2	3
गुठिचौर गाउँपालिका	3	1	428	432
चन्दननाथ नगरपालिका	26	5	311	342
तातोपानी गाउँपालिका	82	9	1	92
तिला गाउँपालिका	5	3	640	648
पातारासी गाउँपालिका	0	2	0	2
सिंजा गाउँपालिका	3	0	608	611
हिमा गाउँपालिका	3	2	191	196
डोल्पा	**0**	**1**	**231**	**232**
छार्का ताङसोङ गाउँपालिका	0	1	221	222
ठुलीभेरी नगरपालिका	0	0	4	4
शे फोक्सुण्डो गाउँपालिका	0	0	6	6
दैलेख	**251**	**85**	**3391**	**3727**
आठबिस नगरपालिका	75	11	574	660
गुराँस गाउँपालिका	10	11	408	429
चामुण्डा बिन्द्रासैनी नगरपालिका	8	5	897	910
ठाँटीकाँध गाउँपालिका	11	2	428	441
डुङ्गेश्वर गाउँपालिका	4	1	6	11

दुल्लु नगरपालिका	59	8	360	427
नारायण नगरपालिका	60	17	302	379
नौमुले गाउँपालिका	3	19	55	77
भगवतीमाई गाउँपालिका	15	5	199	219
भैरवी गाउँपालिका	2	6	129	137
महावु गाउँपालिका	4	0	33	37
मुगु	**22**	**2**	**1055**	**1079**
खत्याड गाउँपालिका	22	2	1035	1059
छायाँनाथ रारा नगरपालिका	0	0	1	1
मुगुमकार्मारोग गाउँपालिका	0	0	19	19
रुकुम पश्चिम	**136**	**63**	**2897**	**3096**
आठबिसकोट नगरपालिका	49	25	1061	1135
चौरजहारी नगरपालिका	29	11	634	674
त्रिवेणी गाउँपालिका	34	3	393	430
बाँफिकोट गाउँपालिका	9	2	222	233
मुसिकोट नगरपालिका	11	16	172	199
सानीभेरी गाउँपालिका	4	6	415	425
सल्यान	**126**	**74**	**7269**	**7469**
कपुरकोट गाउँपालिका	19	18	531	568
कालिमाटी गाउँपालिका	55	30	2561	2646
कुमाख गाउँपालिका	5	0	1	6
छत्रेश्वरी गाउँपालिका	0	0	274	274
त्रिवेणी गाउँपालिका	17	12	1149	1178
दार्मा गाउँपालिका	6	6	1419	1431
बनगाड कुपिण्डे नगरपालिका	4	1	21	26
बागचौर नगरपालिका	18	7	1312	1337
शारदा नगरपालिका	2	0	1	3
सुर्खेत	**2325**	**1265**	**28482**	**32072**
गुर्भाकोट नगरपालिका	256	106	4725	5087
चिङ्गाड गाउँपालिका	0	0	63	63
चौकुने गाउँपालिका	68	16	2777	2861
पञ्चपुरी नगरपालिका	35	34	1003	1072
बराहताल गाउँपालिका	163	143	4318	4624
बीरेन्द्रनगर नगरपालिका	1462	871	4341	6674
भेरीगंगा नगरपालिका	124	77	8783	8984
सिम्ता गाउँपालिका	217	18	2472	2707
हुम्ला	**48**	**0**	**34**	**82**
अदानचुली गाउँपालिका	0	0	5	5
नाम्खा गाउँपालिका	0	0	3	3
सिमकोट गाउँपालिका	48	0	26	74
कोशी प्रदेश	**22832**	**60542**	**180772**	**264146**

ईलाम	**228**	**740**	**18538**	**19506**
ईलाम नगरपालिका	66	81	1516	1663
चुलाचुली गाउँपालिका	26	50	1623	1699
देउमाई नगरपालिका	0	0	5	5
फाकफोकथुम गाउँपालिका	3	15	429	447
माई जोगमाई गाउँपालिका	12	23	368	403
माई नगरपालिका	28	88	7377	7493
माङसेबुङ गाउँपालिका	26	246	2656	2928
रोङ गाउँपालिका	4	65	1799	1868
सन्दकपुर गाउँपालिका	2	61	660	723
सूर्योदय नगरपालिका	61	111	2105	2277
उदयपुर	**2615**	**5881**	**43333**	**51829**
उदयपुरगढी गाउँपालिका	105	177	4187	4469
कटारी नगरपालिका	368	956	8713	10037
चौदण्डीगढी नगरपालिका	534	1243	8369	10146
त्रियुगा नगरपालिका	1100	2301	10680	14081
बेलका नगरपालिका	436	1089	10080	11605
रौतामाई गाउँपालिका	72	115	1304	1491
ओखलढुङगा	**17**	**56**	**76**	**149**
खिजीदेम्बा गाउँपालिका	1	2	9	12
चम्पादेवी गाउँपालिका	2	1	6	9
चिशंखुगढी गाउँपालिका	4	9	18	31
मानेभन्ज्याङ्ग गाउँपालिका	3	8	1	12
मोलुङ्ग गाउँपालिका	2	14	0	16
लिखु गाउँपालिका	0	0	11	11
सिद्धिचरण नगरपालिका	5	16	31	52
सुनकोशी गाउँपालिका	0	6	0	6
खोटाङ	**62**	**161**	**928**	**1151**
ऐसेलुखर्क गाउँपालिका	2	4	6	12
केपिलासगढी गाउँपालिका	6	0	1	7
खोटेहाङ गाउँपालिका	5	10	10	25
जन्तेढुङ्गा गाउँपालिका	1	14	29	44
दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका	16	66	254	336
दिप्रुङ चुइचुम्मा गाउँपालिका	19	3	239	261
बराहपोखरी गाउँपालिका	0	19	37	56
रावा बेसी गाउँपालिका	6	10	29	45
साकेला गाउँपालिका	3	9	119	131
हलेसी तुवाचुङ नगरपालिका	4	26	204	234
झापा	**2827**	**15302**	**40415**	**58544**
अर्जुनधारा नगरपालिका	219	730	6479	7428
कचनकवल गाउँपालिका	109	498	986	1593

कन्काई नगरपालिका	339	2029	4016	6384
कमल गाउँपालिका	94	283	442	819
गौरादह नगरपालिका	348	1171	1758	3277
गौरिगञ्ज गाउँपालिका	235	1147	773	2155
झापा गाउँपालिका	148	1427	2620	4195
दमक नगरपालिका	564	2491	3341	6396
बाह्रदशी गाउँपालिका	22	904	881	1807
बिर्तामोड नगरपालिका	199	1040	1544	2783
बुद्धशान्ति गाउँपालिका	31	148	6222	6401
भद्रपुर नगरपालिका	91	903	1028	2022
मेचीनगर नगरपालिका	307	1879	3120	5306
शिवसताक्षी नगरपालिका	103	481	6430	7014
हल्दीबारी गाउँपालिका	18	171	775	964
ताप्लेजुङ	**167**	**414**	**816**	**1397**
आठराई त्रिवेणी गाउँपालिका	19	46	54	119
फक्ताङ्लुङ्ग गाउँपालिका	12	67	125	204
फुङलिङ्ग नगरपालिका	38	77	140	255
मिक्वाखोला गाउँपालिका	9	22	8	39
मेरिङ्गदेन गाउँपालिका	3	25	16	44
मैवाखोला गाउँपालिका	18	55	125	198
याङ्वरक गाउँपालिका	9	34	105	148
सिदिङ्गवा गाउँपालिका	13	28	35	76
सिरीजङ्घा गाउँपालिका	46	60	208	314
तेह्रथुम	**29**	**75**	**1360**	**1464**
आठराई गाउँपालिका	17	33	491	541
छथर गाउँपालिका	0	0	144	144
फेदाप गाउँपालिका	7	9	228	244
मेन्छयायेम गाउँपालिका	0	2	24	26
म्याङ्गलुङ्ग नगरपालिका	2	9	157	168
लालीगुराँस नगरपालिका	3	22	316	341
धनकुटा	**128**	**424**	**4612**	**5164**
खाल्सा छिन्ताङ्ग सहीदभूमि गाउँपालिका	2	1	95	98
चौविसे गाउँपालिका	7	23	1000	1030
छथर जोरपाटी गाउँपालिका	5	21	459	485
धनकुटा नगरपालिका	64	240	570	874
पाख्रिबास नगरपालिका	1	12	367	380
महालक्ष्मी नगरपालिका	29	86	681	796
साँगुरीगढी गाउँपालिका	20	41	1440	1501
पाँचथर	**72**	**108**	**5188**	**5368**
कुम्मायक गाउँपालिका	18	1	215	234
तुम्बेवा गाउँपालिका	3	7	814	824

फालेलुङ्ग गाउँपालिका	4	2	10	16
फाल्गुनन्द गाउँपालिका	3	3	358	364
फिदिम नगरपालिका	10	30	1174	1214
मिक्लाजुङ गाउँपालिका	5	9	337	351
याङवरक गाउँपालिका	18	19	1514	1551
हिलिहाङ्ग गाउँपालिका	11	37	766	814
भोजपुर	**68**	**190**	**1110**	**1368**
अरुण गाउँपालिका	5	13	71	89
आमचोक गाउँपालिका	1	5	238	244
टेम्केमैयुङ गाउँपालिका	8	10	10	28
पौवा दुङ्मा गाउँपालिका	3	11	27	41
भोजपुर नगरपालिका	9	18	13	40
रामप्रसाद राई गाउँपालिका	4	16	80	100
षडानन्द नगरपालिका	27	73	267	367
साल्पासिलिछो गाउँपालिका	10	24	35	69
हतुवागढी गाउँपालिका	1	20	369	390
मोरङ	**9515**	**20721**	**39675**	**69911**
उर्लाबारी नगरपालिका	212	919	4159	5290
कटहरी गाउँपालिका	397	387	2	786
कानेपोखरी गाउँपालिका	328	1577	2302	4207
केराबारी गाउँपालिका	225	696	3770	4691
ग्रामथान गाउँपालिका	345	614	194	1153
जहदा गाउँपालिका	522	835	14	1371
धनपालथान गाउँपालिका	883	547	866	2296
पथरी शनिश्चरे नगरपालिका	589	2995	6216	9800
बिराटनगर महानगरपालिका	205	529	821	1555
बुढीगंगा गाउँपालिका	1173	1121	1332	3626
बेलबारी नगरपालिका	547	2661	2725	5933
मिक्लाजुङ गाउँपालिका	17	39	5291	5347
रंगेली नगरपालिका	1394	2045	1510	4949
रतुवामाई नगरपालिका	407	1243	2270	3920
लेटाङ नगरपालिका	183	642	3713	4538
सुनवर्षी नगरपालिका	1286	894	1183	3363
सुन्दरहरैंचा नगरपालिका	802	2977	3307	7086
संखुवासभा	**87**	**204**	**186**	**477**
खाँदबारी नगरपालिका	16	19	9	44
चिचिला गाउँपालिका	0	2	4	6
चैनपुर नगरपालिका	23	39	21	83
धर्मदेवी नगरपालिका	7	12	102	121
पाँचखपन नगरपालिका	9	20	0	29
भोटखोला गाउँपालिका	1	8	0	9

मकालु गाउँपालिका	4	11	20	35
मादी नगरपालिका	23	62	0	85
सभापोखरी गाउँपालिका	4	30	7	41
सिलीचोङ गाउँपालिका	0	1	23	24
सुनसरी	**7000**	**16123**	**24517**	**47640**
इनरुवा नगरपालिका	78	72	3	153
ईटहरी उपमहानगरपालिका	488	1728	1582	3798
कोशी गाउँपालिका	344	1230	721	2295
गढी गाउँपालिका	293	273	48	614
दुहबी नगरपालिका	1100	1352	394	2846
देवानगन्ज गाउँपालिका	442	346	397	1185
धरान उपमहानगरपालिका	1507	4256	11156	16919
बराहक्षेत्र नगरपालिका	847	2881	6886	10614
बर्जु गाउँपालिका	585	574	153	1312
भोक्राहा नरसिंह गाउँपालिका	291	956	688	1935
रामधुनी नगरपालिका	746	1747	1763	4256
हरिनगर गाउँपालिका	279	708	726	1713
सोलुखुम्बु	**17**	**143**	**18**	**178**
थुलुङ दुधकोशी गाउँपालिका	5	18	11	34
दुधकोशी गाउँपालिका	3	0	1	4
लिखु पिके गाउँपालिका	3	26	4	33
सोताङ गाउँपालिका	0	1	0	1
सोलुदुधकुण्ड नगरपालिका	6	98	2	106
गण्डकी प्रदेश	**8607**	**13320**	**73293**	**95220**
कास्की	**3891**	**4456**	**13992**	**22339**
अन्नपूर्ण गाउँपालिका	105	67	612	784
पोखरा महानगरपालिका	3568	4235	12499	20302
माछापुच्छ्रे गाउँपालिका	134	95	512	741
मादी गाउँपालिका	44	18	120	182
रूपा गाउँपालिका	40	41	249	330
गोरखा	**176**	**161**	**3117**	**3454**
अजिरकोट गाउँपालिका	7	3	2	12
आरुघाट गाउँपालिका	4	5	233	242
गण्डकी गाउँपालिका	2	18	402	422
गोरखा नगरपालिका	70	50	451	571
चुमनुब्री गाउँपालिका	1	5	316	322
धार्चे गाउँपालिका	13	0	226	239
पालुङ्गटार नगरपालिका	47	44	1128	1219
बारपाक सुलीकोट गाउँपालिका	10	13	8	31
भिमसेनथापा गाउँपालिका	11	14	51	76
शहीद लखन गाउँपालिका	10	9	300	319

सिरानचोक गाउँपालिका	1	0	0	1
तनहुँ	**1021**	**1880**	**25217**	**28118**
आँबुखैरेनी गाउँपालिका	29	122	1338	1489
ऋषिङ्ग गाउँपालिका	25	33	1346	1404
घिरिङ्ग गाउँपालिका	69	53	1481	1603
देवघाट गाउँपालिका	50	108	2516	2674
बन्दिपुर गाउँपालिका	92	261	1657	2010
भानु नगरपालिका	178	305	3572	4055
भिमाद नगरपालिका	86	99	2607	2792
म्याग्दे गाउँपालिका	82	67	1193	1342
व्यास नगरपालिका	266	654	6314	7234
शुक्लागण्डकी नगरपालिका	144	178	3193	3515
नवलपरासी पूर्व	**2555**	**5921**	**24609**	**33085**
कावासोती नगरपालिका	708	1268	5715	7691
गैडाकोट नगरपालिका	594	1341	2902	4837
देवचुली नगरपालिका	488	1222	3199	4909
बिनयी त्रिवेणी गाउँपालिका	104	335	2614	3053
बुलिङ्गटार गाउँपालिका	46	35	1101	1182
बौदीकाली गाउँपालिका	50	12	378	440
मध्यबिन्दु नगरपालिका	315	1216	6782	8313
हुप्सेकोट गाउँपालिका	250	492	1918	2660
पर्वत	**211**	**117**	**734**	**1062**
कुश्मा नगरपालिका	53	34	148	235
जलजला गाउँपालिका	52	23	246	321
पैयुं गाउँपालिका	44	15	55	114
फलेबास नगरपालिका	15	13	173	201
बिहादी गाउँपालिका	27	18	21	66
महाशिला गाउँपालिका	12	1	52	65
मोदी गाउँपालिका	8	13	39	60
बागलुङ	**106**	**106**	**2602**	**2814**
काठेखोला गाउँपालिका	2	0	31	33
गल्कोट नगरपालिका	18	14	66	98
ढोरपाटन नगरपालिका	32	19	1615	1666
तमानखोला गाउँपालिका	0	0	544	544
ताराखोला गाउँपालिका	4	11	39	54
निसीखोला गाउँपालिका	0	0	62	62
बडिगाड गाउँपालिका	14	3	33	50
बरेङ गाउँपालिका	6	2	37	45
बाग्लुङ्ग नगरपालिका	30	57	175	262
मनाङ	**2**	**3**	**188**	**193**
चामे गाउँपालिका	1	0	17	18

नार्पा भूमि गाउँपालिका	0	0	16	16
नासौं गाउँपालिका	1	1	70	72
मनाङ डिस्याङ गाउँपालिका	0	2	85	87
मुस्ताङ	**50**	**51**	**818**	**919**
घरपझोङ गाउँपालिका	34	13	153	200
थासाङ गाउँपालिका	3	0	2	5
दालोमे गाउँपालिका	1	10	186	197
बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका	11	8	42	61
लोमन्थाङ गाउँपालिका	1	20	435	456
म्यार्दी	**157**	**151**	**658**	**966**
अन्नपूर्ण गाउँपालिका	11	23	100	134
धवलागिरी गाउँपालिका	16	18	40	74
बेनी नगरपालिका	55	75	229	359
मंगला गाउँपालिका	53	23	39	115
मालिका गाउँपालिका	6	1	243	250
रघुगंगा गाउँपालिका	16	11	7	34
लमजुङ	**267**	**257**	**653**	**1177**
क्व्होलासोथार गाउँपालिका	32	21	63	116
दुधपोखरी गाउँपालिका	1	0	77	78
दोर्दी गाउँपालिका	21	26	69	116
बेंसीशहर नगरापालिका	26	26	25	77
मध्यनेपाल नगरपालिका	25	14	50	89
मस्र्याङ्गदी गाउँपालिका	32	30	40	102
राईनास नगरपालिका	103	70	264	437
सुन्दरबजार नगरपालिका	27	70	65	162
स्याङ्जा	**171**	**217**	**705**	**1093**
अर्जुनचौपारी गाउँपालिका	4	2	0	6
आँधिखोला गाउँपालिका	17	2	32	51
कालीगण्डकी गाउँपालिका	7	22	85	114
गल्याङ नगरपालिका	1	4	18	23
चापाकोट नगरपालिका	24	25	200	249
पुतलीबजार नगरपालिका	51	88	72	211
फेदीखोला गाउँपालिका	33	19	249	301
भीरकोट नगरपालिका	13	21	11	45
वालिङ्ग नगरपालिका	14	30	19	63
हरिनास गाउँपालिका	7	4	19	30
बागमती प्रदेश	**6806**	**22681**	**112241**	**141728**
काठमाण्डौं	**264**	**1162**	**1546**	**2972**
कागेश्वरी मनहरा नगरपालिका	48	134	114	296
काठमाण्डौ महानगरपालिका	14	9	33	56
गोकर्णेश्वर नगरपालिका	9	61	175	245

चन्द्रागिरी नगरपालिका	18	60	6	84
टोखा नगरपालिका	14	46	170	230
तारकेश्वर नगरपालिका	59	164	278	501
दक्षिणकाली नगरपालिका	29	64	47	140
नागार्जुन नगरपालिका	15	128	25	168
बुढानिलकण्ठ नगरपालिका	28	398	360	786
शंङ्खरापुर नगरपालिका	30	98	338	466
काभ्रेपलाञ्चोक	**184**	**709**	**5440**	**6333**
खानीखोला गाउँपालिका	3	51	456	510
चौंरीदेउराली गाउँपालिका	2	1	7	10
तेमाल गाउँपालिका	4	7	128	139
धुलिखेल नगरपालिका	19	119	751	889
नमोबुद्ध नगरपालिका	18	77	1107	1202
पनौती नगरपालिका	28	114	39	181
पाँचखाल नगरपालिका	47	140	517	704
बनेपा नगरपालिका	16	87	97	200
बेथानचोक गाउँपालिका	0	0	4	4
भुम्लु गाउँपालिका	2	12	1	15
मण्डन देउपुर नगरपालिका	41	65	2141	2247
महाभारत गाउँपालिका	1	0	59	60
रोशी गाउँपालिका	3	36	133	172
चितवन	**4236**	**12901**	**25168**	**42305**
इच्छाकामना गाउँपालिका	86	783	3008	3877
कालिका नगरपालिका	280	1785	3881	5946
खैरहनी नगरपालिका	184	861	2163	3208
भरतपुर महानगरपालिका	2052	3918	5250	11220
माडी नगरपालिका	740	1674	3194	5608
रत्ननगर नगरपालिका	364	1172	1033	2569
रापती नगरपालिका	530	2708	6639	9877
दोलखा	**12**	**121**	**1029**	**1162**
कालिन्चोक गाउँपालिका	0	1	212	213
गौरिशंकर गाउँपालिका	0	61	15	76
जिरी नगरपालिका	0	0	18	18
तामाकोशी गाउँपालिका	0	3	1	4
भिमेश्वर नगरपालिका	1	39	306	346
मेलुङ्ग गाउँपालिका	0	3	126	129
विगु गाउँपालिका	1	0	107	108
वैतेश्वर गाउँपालिका	8	14	36	58
शैलुङ्ग गाउँपालिका	2	0	208	210
धादिङ्ग	**139**	**309**	**8831**	**9279**
गंङ्गा जमुना गाउँपालिका	0	6	337	343

गजुरी गाउँपालिका	38	47	1662	1747
गल्छी गाउँपालिका	33	34	1898	1965
ज्वालामुखी गाउँपालिका	19	13	1174	1206
त्रिपुरासुन्दरी गाउँपालिका	2	33	18	53
थाक्रे गाउँपालिका	6	34	304	344
धुनीबेंशी नगरपालिका	7	19	397	423
नीलकण्ठ नगरपालिका	8	7	398	413
नेत्रावती डबजोङ गाउँपालिका	0	0	8	8
बेनीघाट रोराङ्ग गाउँपालिका	21	80	1590	1691
सिद्धलेक गाउँपालिका	5	36	1045	1086
नुवाकोट	**233**	**546**	**9141**	**9920**
ककनी गाउँपालिका	42	51	1947	2040
किस्पाङ्ग गाउँपालिका	17	2	633	652
तादी गाउँपालिका	6	35	133	174
तारकेश्वर नगरपालिका	5	6	117	128
दुप्चेश्वर गाउँपालिका	4	1	225	230
बिदुर नगरपालिका	86	230	1123	1439
बेलकोटगढी नगरपालिका	42	115	2612	2769
म्यगङ गाउँपालिका	2	8	256	266
लिखु गाउँपालिका	12	60	1522	1594
शिवपुरी गाउँपालिका	17	30	511	558
सुर्यगढी गाउँपालिका	0	8	62	70
भक्तपुर	**144**	**378**	**669**	**1191**
चाँगुनारायण नगरपालिका	57	92	58	207
मध्यपुर थिमी नगरपालिका	57	280	592	929
सूर्यविनायक नगरपालिका	30	6	19	55
मकवानपुर	**537**	**4207**	**26602**	**31346**
ईन्द्रसरोवर गाउँपालिका	0	5	130	135
कैलाश गाउँपालिका	6	67	469	542
थाहा नगरपालिका	12	41	1437	1490
बकैया गाउँपालिका	44	328	8668	9040
बाग्मती गाउँपालिका	34	286	2576	2896
भिमफेदी गाउँपालिका	50	335	425	810
मकवानपुरगढी गाउँपालिका	5	57	420	482
मनहरी गाउँपालिका	102	639	7635	8376
राक्सिराङ्ग गाउँपालिका	1	50	303	354
हेटौडा उपमहानगरपालिका	283	2399	4539	7221
रसुवा	**24**	**66**	**322**	**412**
आमाछोदिङमो गाउँपालिका	0	7	274	281
उत्तरगया गाउँपालिका	3	0	0	3
कालिका गाउँपालिका	15	16	39	70

गोसाईकुण्ड गाउँपालिका	4	41	8	53
नौकुण्ड गाउँपालिका	2	2	1	5
रामेछाप	**15**	**120**	**3598**	**3733**
उमाकुण्ड गाउँपालिका	4	44	286	334
खाँडादेवी गाउँपालिका	1	15	312	328
गोकुलगङ्गा गाउँपालिका	1	12	870	883
दोरम्बा शैलुङ गाउँपालिका	6	11	145	162
मन्थली नगरपालिका	1	7	520	528
रामेछाप नगरपालिका	0	8	1122	1130
लिखु तामाकोशी गाउँपालिका	0	21	268	289
सुनापती गाउँपालिका	2	2	75	79
१.	जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम (भूमि समस्या समाधान आयोग)	५७.३२%	६२.०६%	➢ कार्यविधि तथा मापदण्डहरूको तयार गरिएको । ➢ ६९४४ थान जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको। ➢ ४८,१६६ हेक्टर क्षेत्रफल र २,९५,०१० कित्ता जग्गा नाप नक्सांकन भएको । ➢ ११,२८,५५१ को लगत संकलन गरी आयोगको भू-सूचना प्रणाली (NALCIS System) प्रविष्टि गरिएको। ➢ ४२ करोड ५८ लाख ४ हजार ३४० राजस्व संकलन भएको। ➢ अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन भएको।	➢ कार्यविधि तथा मापदण्डहरूको तयार गरिएको । ➢ ३०२७ थान जग्गाधनी प्रमाणपूर्जा वितरण गरिएको। ➢ १९,२५२ हेक्टर क्षेत्रफल र ६३,८३६ कित्ता जग्गा नाप नक्सांकन भएको । ➢ १,३०,७२८ को लगत संकलन गरी आयोगको भू-सूचना प्रणाली (NALCIS System) प्रविष्टि गरिएको। ➢ २६ करोड ७३ लाख ८७ हजार ७३१ राजस्व संकलन भएको। ➢ अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन भएको।	• भूमि समस्या समाधान समिति गठन भई, केन्द्रिय तथा जिल्ला समितिका पदाधिकारीहरु नियुक्ति भई समितिले विधिवत रुपमा तेस्रो त्रैमासिक देखि मात्रै कार्य सम्पादन सुरु गरेको । • विभिन्न ऐन, कानुन सम्बन्धी जटिलताहरु रहेका छन् । • समिति, जिल्ला समिति र स्थानीय तहहरु बिच समन्वयको कमी । • अभिमुखिकरण कार्यक्रय, क्षमता अभिवृद्धि कार्यक्रमहरुको कमीका कारण दुविधा र समस्याहरु देखिएका छन् । • उत्प्रेरणाको कमी ।	• विभिन्न ऐन, कानुन, तथा कार्यविधिहरु संशोधनका लागि मन्त्रालयमा प्रस्ताव गरिएको । • आगामी आ व का लागि अभिमुखिकरण कार्यक्रय, क्षमता अभिवृद्धि कार्यक्रमहरु को व्यवस्था गरिएको । • १००० जना प्राविधिक जनशक्ति कारारमा भर्ना गरिएको ।

परिच्छेद -३
समितिको संस्थागत क्षमता सुदृढीकरणको अवस्था

३.१ लगत प्रविष्टि, वर्गीकरण, पूर्जा सम्बन्धी प्रणाली निर्माण

भूमि समस्या समाधान समितिले आफ्नो जिम्मेवारी सम्पादनका क्रममा अधिकतम प्रविधिको उपयोग गर्ने रणनीति लिएको छ। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहमार्फत संकलन भएका लगत प्रविष्टि, प्राप्त लगतको वर्गीकरण र विश्लेषण, कानुनमा उल्लेख भएको हदभित्र रही उपलव्ध गराउने जग्गाको क्षेत्रफल यकिन, आदि कार्यका लागि प्रणालीको विकास गरी उपयोगमा ल्याइएको छ।


समितिले निर्माण गरेको प्रणालीमा हरेक स्थानीय तहले आफूले संकलन गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको निवेदन फारामको विवरण प्रविष्टि स्वयं स्थानीय तहले नै गर्ने र निवेदन फारामलाई पनि स्क्यान गरी अपलोड गर्ने व्यवस्था छ। यसबाट हरेक स्थानीय तहमा भूमिहीन र अव्यवस्थित बसोबासीको स्थितिको अभिलेखन गर्न सहज हुने अपेक्षा गरिएको छ। प्रणालीमा विवरण प्रविष्टि, डकुमेन्ट अपलोड, सम्पादन, जग्गाको विवरण र जग्गा धनीपूर्जा वितरणलगायतको सुविधा छ। प्रणाली निर्माण गर्दा विभिन्न तहलाई आवश्यक प्रतिवेदन पनि प्रणालीबाट नै प्राप्त हुने गरी व्यवस्था मिलाइएको छ। प्रणालीको सुरक्षा, परीक्षण र ब्याकअप आदि पक्षलाई पनि ध्यान दिइएको छ। प्रणालीको उपयोगबाट दोहोरोपन र गैरकानुनी दाबीलाई पनि नियन्त्रण गर्न सकिने विश्वास आयोगले लिएको छ। प्रणालीमा अभिलेख भएका तथ्यांकहरू स्थानीय तह, जिल्ला समिति, प्रदेश सरकार, संघीय सरकार, आयोगले जुनसुकै बखत प्रयोग गर्न सक्नेछन्।

३.२ वेबसाइट निर्माण

समितिले गरेका कार्यको सरोकारवाला सबैलाई जानकारी होस् र सूचनामा पहुँच सहज बनाउन सकियोस् भन्ने उद्देश्यले समितिले वेबसाइट निर्माण गरी उपयोगमा ल्याएको छ। यसमा समितिका गतिविधि, सम्बन्धित कानुन, नियम, कार्यविधिहरू, कार्यसम्पादनसँग आवश्यक ढाँचा एवं निवेदनहरू, सूचनाहरू आदि नियमित रूपमा अपडेट गरिएको छ। वेबसाइटबाट जोसुकैलाई समितिको गतिविधिबारे जानकारी पाउन सजिलो भएको छ। वेबसाइटलाई आगामी दिनमा अझ सूचनामूलक बनाउनेबारे समितिले गृहकार्य गरिरहेको छ।

३.३ समितिको संगठन संरचना र शाखागत कार्यविवरण

समितिको कामलाई सहयोग गर्न समितिको एक सचिवालय रहनेछ । सचिवलायको संगठनसंरचना देहायवमोजिम रहनेछ ।



शाखागत कार्यविवरण

१. **नाप नक्सा, तथा लगत व्यवस्थापन शाखा**

- जग्गाको नाप नक्सा गर्ने विधि तयार गर्ने।
- जग्गाको नाप नक्सा गर्ने कार्यविधि तथा मापदण्ड तयार गर्ने।
- नाप नक्साको कार्ययोजना तयार गर्ने।
- प्राविधिक जनशक्तिलाई तालिम तथा अभिमुखीकरण गर्ने।
- नाप नक्सासम्बन्धी फिल्ड कार्यको अनुगमन तथा निरीक्षण गर्ने।
- स्थानीय तहवाट प्राप्त तथ्याङ्क र सूचनाको विश्लेषण गर्ने।
- विभिन्न निकायहरूवाट प्राप्त तथ्याङ्कक र सूचनाको विश्लेषण गर्ने।

२. **योजना मापदण्ड तथा अनुगमन मुल्याङ्कन शाखा**

- समितिको कार्ययोजना, कार्यविधि र मापदण्ड तयार गर्ने।
- समिति र जिल्ला समितिको वार्षिक वजेट तयार गर्ने।
- प्राप्त तथ्याङ्कको विश्लेषण गरी जग्गाको वर्गीकरण खाका तयार गर्ने।
- समितिवाट सञ्चालन हुने कार्यक्रम र गोष्ठीहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने।
- स्थानीय तहबाट प्राप्त तथ्याङ्क र सूचनाको विश्लेषण गर्ने।
- संघीय, प्रदेश र स्थानीय सरकारबीच समन्वय कायम गर्ने।
- नेपाल सरकारका विभिन्न निकायहरूबीच समन्वय र सम्पर्क कायम गर्ने।
- समितिलाई आवश्यक तथ्याङ्क र सूचना प्राप्त गर्न समन्वय गर्ने।
- तालिम लगायतका क्षमता विकाससम्बन्धी कार्यहरू सञ्चालन गर्ने।
- मापदण्ड र कार्यविधि पालनाको अनुगमन गर्ने।
- चौमासिक र वार्षिक समीक्षा र प्रतिवेदन तयार गर्ने।
- प्रगति प्रतिवदेन प्रकाशन कार्य गर्ने।
- स्थानीय तहवाट प्राप्त तथ्याङ्कक र सूचनाको विश्लेषण गर्ने।

३. **अधुरा कार्य सम्पादन शाखा**

- विगतका आयोग, समिति र कार्यदलहरूबाट सम्पादन हुन बाँकी रहेका कार्यहरूको विवरण संकलन गर्ने।
- सम्पादन हुन बाँकी कामको प्रकृति अध्ययन गर्ने।
- पूर्व आयोग, समिति र कार्दलवाट समाधान गर्न वाकी रहेका कामहरूको फछ्यौंट गर्न आयोग समक्ष पेस गर्ने र आयोगवाट भएका निर्णय कार्यान्वयन गर्ने।
- कार्यप्रकृतिअनुसार समस्या समाधानका लागि आवश्यक कार्यविधिहरू तर्जुमा गर्ने।
- पूर्व आयोग, समिति र कार्यदलवाट भएका कारवाहीका सम्वन्धमा न्यायिक तथा अर्धन्यायिक निकायहरूवाट भएका आदेश र फैसला अध्ययन गर्ने।

४. **आर्थिक प्रशासन शाखा**

- वजेट तर्जुमा तथा लेखा व्यवस्थापन सम्वन्धी कार्य गर्ने।
- लेखा परिक्षण र वेरुजु सम्परीक्षण सम्वन्धी कार्य गर्ने।
- आर्थिक प्रशासन विषयमा परामर्श प्रदान गर्ने।

५. **प्रशासन तथा गुनासो व्यवस्थापन शाखा**

- समितिवाट सम्पादन भएका कार्यको अभिलेखीकरण गर्ने।
- समितिमा कार्यरत कर्मचारीको कर्मचारी प्रशासन सम्वन्धित कार्य गर्ने।
- समितिको आन्तरिक प्रशासनसम्बन्धी कार्य गर्ने।
- अस्थायी दरबन्दी सिर्जनाका लागि सिफारिससम्बन्धी कार्य गर्ने।
- समितिलाई आवश्यक सार्वजनिक खरिद सम्बन्धी कार्य।
- सूचना तथा प्रविधिसम्बन्धी कार्य।
- स्थानीय तहवाट प्राप्त तथ्याङ्क र सूचनाको विश्लेषण गर्ने।
- यस समितिको कामसँग सम्वन्धी कार्यका सम्वन्धमा प्राप्त हुने गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- अन्य शाखामा उल्लेख नभएका कार्यहरू।

६. **कानुन शाखा**

- समितिलाई कानुनी विषयमा परामर्श प्रदान गर्ने।
- समितिलाई आवश्यक पर्ने कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमाको लागि सहयोग गर्ने।
- समिति पर्न आएका उजुरी र गुनासो सम्वोधनमा कानुनी राय दिने।
- समितिको तर्फवाट कानूनी प्रतिरक्षा गर्ने।

उल्लेखित संगठन संरचना अनुसार देहायबमोजिमको दरबन्दी विवरण रहेको छ ।

दरबन्दी विवरण

क्रं. सं	पद नाम	श्रेणी	सेवा	समुह	सङ्ख्या
१	उपसचिव	रा.प.द्वि.	प्रशासन	सामान्य प्रशासन	१
२	प्रमुख नापी अधिकृत	रा.प.द्वि.	इन्जिनियरिङ	सर्भे	३
४	शाखा अधिकृत	रा.प.तृ.	प्रशासन	सामान्य प्रशासन	२
५	नापी अधिकृत	रा.प.तृ.	ईन्जिनियरिङ्ग	सर्भे	४
६	कानुन अधिकृत	रा.प.तृ.	कानुन	कानुन	१
७	कम्प्युटर अधिकृत	रा.प.तृ.	विविध		१
९	नायब सुब्बा	रा.प. अन. प्र	प्रशासन	प्रशासन /सा.प्र.	१
१०	लेखापाल	रा.प. अन. प्र	प्रशासन	लेखा	१
१०	सर्भेक्षक	रा.प. अन. प्र.	ईन्जिनियरिङ्ग	सर्भे	८
११	कम्युटर अपरेटर	रा.प. अन. प्र	विविध		३
१२	सहायक लेखापाल	रा.प. अन. द्वि	प्रशासन	लेखा	१
१३	सहायक कम्प्युटर अपरेटर	रा.प. अन. द्वि.	विविध		३
१४	खरिदार	रा.प. अन. द्वि.	प्रशासन	सामान्य प्रशासन	२
१५	हलुका सवारी चालक	विहिन	ईन्जिनियरिङ्ग	मेकानिकल। जनरल मेकानिकल	६
१६	कार्यालय सहयोगी	विहिन	प्रशासन	सामान्य प्रशासन	७
जिल्ला समितिका लागि					
१७	कम्युटर अपरेटर	रा.प. अन. प्र	विविध		७७
१८	कार्यालय सहयोगी	विहिन	प्रशासन	सामान्य प्रशासन	७७

नापजाँचका लागि फिल्ड खटिने प्राविधिक कर्मचारीहरू

क.सं.	पद नाम	श्रेणी	सेवा /समूह	आवश्यक संख्या
१.	सर्भेक्षक	रा.प.अनं. प्रथम (प्राविधिक)	ईन्जिनियरिङ्ग/सर्भे	४००
२.	अमीन	रा.प.अनं. द्वितीय (प्राविधिक)	ईन्जिनियरिङ्ग/सर्भे	६००

३.४ प्रकाशन

समिति गठनको आवश्यकता, उद्देश्य, जिम्मेवारी, संरचना आदिलाई समेटेर हाते पुस्तिका प्रकाशन गरिएको छ । यसबाट समितिको बारेमा बुझ्न चाहनेलाई आधारभूत जानकारी उपलव्ध भएको छ । त्यस्तै समितिको कामसँग सम्बन्धित कानुनहरूको सँगालो प्रकाशन

गरी उपयोगमा ल्याएको छ । पुस्तकमा नेपालको संविधानमा भएको भूमि सम्बन्धी व्यवस्था, भूमि सम्बन्धी ऐन, २०२१ (एक्काईसौं संशोधन समेत), भू-उपयोग ऐन, २०७६, भूमि सम्बन्धी नियमहरू, २०२१, समेटिएको छ ।

यसैगरी समितिको वार्षिक प्रगति प्रतिवेदन, जग्गाधनी स्रेस्ता पूर्जा, फिल्डबुक, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लगि जग्गाको नापनक्सा सम्बन्धी हातेपुस्तिका, समिति र जिल्ला समितिका पदाधिकारीहरूको नाम र सम्पर्क नं. समेत भएको डायरी समेत प्रकाशन गरिएको छ।

३.५ गुनासो व्यवस्थापन

आ.व. ०८२/८३ मा यस समितिमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायत विभिन्न निकायहरूबाट प्राप्त हुन आएका गुनासो र सोको फछर्यौटसम्बन्धी विवरण देहायबमोजिम रहेको छः-

सि नं	द नं र प्राप्त मिति र निकाय	उजुरी/ गुनासोसँग सम्बन्धित निकाय	उजुरी/ गुनासोको विषय	गुनासो सुनुवाईको अवस्था
४	२०८२/४/१५ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति दाङ सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको ।	"दाङ जिल्लाका मुक्त कमलरीहरुको उचित व्यवस्थापन नभएको, जग्गाको स्वामित्व प्राप्त गर्न नसकेको र स्वामित्व प्राप्त गरेको भए तापनि वास्तविक रुपमा उपभोग गर्न नसकेका विभिन्न व्यक्तिहरुको विवरण सहितको गुनासो।"	फछर्यौट भएको ।
५	२०८२/५/१३ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति अर्घाखाँची सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको ।	"वास्तविक जग्गाधनीहरुलाई विस्थापित गरेर अतिक्रमण गरेर वसोवास गर्दै आएका व्यक्तिहरुलाई दिन जग्गा दर्ता प्रक्रिया शुरु गरिएकोले सो कार्यलाई यथाशीघ्र रोक्नको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराई छानविन गरिदिनु होला ।"	फछर्यौट भएको ।
६	२०८२/०४/३० प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति बाँके । सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको ।	बाँके जिल्लामा भूमि समस्या समाधान आयोगले जग्गा धनी प्रमाणपत्र वितरण गरिरहँदा राष्ट्रिय आवास कम्पनी लिमिटेडको कार्यक्षेत्र रहेको दावी गरिएको साबिकको पुनर्वास क्षेत्रका जग्गामा स्वामित्वको विवाद आएको लगायतको गुनासो।"	फछर्यौट भएको ।
७	२०८२/०५/१८ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति इलाम । सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको ।	"ईलाम जिल्लाको चुलाचुली गाँउपालिकामा खटिएका कर्मचारीहरुले फिल्ड रेखाङ्कन तथा सर्जमिन मुचुल्काको क्रममा वडा नं २ र ४का वासिन्दाहरुसंग रकम मागिरहेको हुँदा नियमानुसार कारवाही गरिदिनु हुन अनुरोध छ ।"	फछर्यौट भएको ।
८	२०८२/५/२२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	नीतिगत सुधारको लागि । नीतिगत विषय भएको र सो विषयमा निर्णय गर्न आयोग खारेज भइ पुनस्थापना भए पछि बैठक नबसी सकेकोले निर्णय हुन बाँकी रहेको	हलिय प्रथा उन्मुलन पश्चात पनि पुनस्थापना हुन नसकेको सम्बन्धी गुनासो ।	फछर्यौट भएको ।

		।		
९	२०८२/११/१२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति सप्तरी। सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको।	कोशी तटबन्ध निर्माणले २०२०सालमा बस्ति विस्थापित भएपछि बसोवास गर्दै आएको ठाँउको लालपूर्जा हालसम्म पनि पाउन नसकेको ।	फछर्यौट भएको ।
१०	प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति रुपन्देही। सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको।	निवेदक चम बहादुर गुरुङ लगायतका बाढी पीडितहरुको बसोवास व्यवस्थापन सम्बन्धी	फछर्यौट भएको ।
११	प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति चितवन। सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको।	चितवन जिल्लामा झण्डै ४४ हजार नागरिक लालपूर्जा विहीन भएको जानकारी ।	फछर्यौट भएको ।
१२	२०८२/११/१२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति महोत्तरी। सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको।	बर्दिवास नगरपालिकाका विभिन्न वडाहरुमा वस्दै आएका भूमिहीन नागरिकको साझा पिडा सम्बन्धी	फछर्यौट भएको ।
१३	२०८२/११/१२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति सुर्खेत। सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको।	वीरेन्द्रनगर नगरपालिका मित्रनगरका विभिन्न भूमिहीन नागरिकको साझा पिडा सम्बन्धी	फछर्यौट भएको ।
१४	२०८२/११/१२ प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकारमा उजुरी परी भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत	जिल्ला समिति उदयपुर। सम्बन्धित जिल्ला समितिलाई ऐन नियम बमोजिम व्यवस्थापन गर्न निर्देशन दिईएको।	उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका वडा नं १० अंधेरी जंगल क्षेत्रका करिव १७२ घर परिवार विभिन्न भूमिहीन नागरिकको साझा पिडा सम्बन्धी	फछर्यौट भएको ।
१५	२०८२/१२/३० प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेलो सरकार र भूमि व्यवस्था सहकरी तथा गरिवी निवारण मन्त्रालय मार्फत ।	नीतिगत विषय	सरोकारवालाको प्रतिनिधित्व सम्बन्धी । नीतिगत विषय सुधारको लागि आएको ।	फछर्यौट भएको ।
१६	HS-WEB-125002-JY २०८३/१/२८	चैत्र महिनाको तलव भुक्तानी सम्बन्धी।	चैत्र महिनाको तलब भुक्तानी भएको छ। गुनासोकर्ताको नाम उल्लेख भइ नआएको हुँदा निजको वारेमा जानकारी हुन सकेन।	फछर्यौट भएको ।
१७	HS-WEB-110691-MV २०८२/१२/२७	कार्तिक र मंसीर महिनाको तलव भुक्तानी	आयोग विघटन भएको अवधिको हुनाले भुक्तानी हुँन नसकेकोमा ताहाँ मन्त्रालयमा यस अगावै निर्देशन माग	फछर्यौट भएको ।

		सम्बन्धी।	भएकोमा प्राप्त भई नसकेको । अन्य महिनाको हाजिर रेकर्ड बमोजिम तलब भत्ता भुक्तानी भएको ।	
१८	HS-WEB-1255227-OT २०८३/१/२९	आयोग विघटनवाट कार्यरत कर्मचारीलाई अन्योल भएको सम्बन्धी गुनासो ।	भूमि समस्या समाधान समिति गठन भई कार्य आरम्भ भई सकेको र कार्यरत जनशक्तिले निरन्तरता पाई सकेको हुँदा समस्या समाधान भई सकेको ।	फछर्यौट भएको ।
१९	HS-WEB-124095-DF २०८३/१/२७	आयोग विघटनवाट लालपूर्जा वितरण रोकिएको सम्बन्धी गुनासो ।	भूमि समस्या समाधान समिति गठन भई कार्य आरम्भ भई सकेको ।	फछर्यौट भएको ।
२०	HS-WEB-117762-AD २०८३/१/१४	कार्य प्रणालीमा सुधार सम्बन्धी सुझाव ।	कार्य प्रणालीमा सुधारलाई प्राथमिकतामा राखिएको ।	फछर्यौट भएको ।
२१	HS-WEB-121023-UT २०८३/१/२०	कार्य प्रणालीमा सुधार सम्बन्धी सुझाव ।	कार्य प्रणालीमा सुधारलाई प्राथमिकता मा राखिएको ।	फछर्यौट भएको ।
२२	HS-WEB-128055-SH २०८३/२/४	आयोग विघटनवाट कार्यरत कर्मचारीलाई अन्योल भएको सम्बन्धी गुनासो ।	भूमि समस्या समाधान समिति गठन भई कार्य आरम्भ भई सकेको र कार्यरत जनशक्तिले निरन्तरता पाई सकेको हुँदा समस्या समाधान भई सकेको ।	फछर्यौट भएको ।
२३	HS-WEB-126097-BJ २०८३/१/३०	करारका कर्मचारीलाई पोषाक भत्ता भुक्तानी नभएको गुनासो ।	चैत्र महिनामा आयोग विघटन भएको कारणले भुक्तानी हुन नसकेकोमा भुक्तानी पाउन योग्य कर्मचारीलाई जेठ महिनाको तलवसँगै भुक्तानी हुनेछ।	फछर्यौट भएको ।
२४	HS-WEB-126012-AA २०८३/१/१०	तलव भुक्तानी सम्बन्धी।	आयोग विघटन भएको अवधिको हुनाले भुक्तानी हुन नसकेकोमा ताहाँ मन्त्रालयमा यस अगावै निर्देशन माग भएकोमा प्राप्त भई नसकेको । अन्य महिनाको हाजिर रेकर्ड बमोजिम तलब भत्ता भुक्तानी भएको ।	फछर्यौट भएको ।
२५	HS-WEB-117686-OU २०८३/१/१३	कर्मचारी अभाव सम्बन्धी।	करारका कर्मचारीहरु निश्चित समयमा भर्ना हुने तर रिक्त हुने पनि नियमित प्रक्रिया नै भएकोले हाललाई विद्यमान कर्मचारीहरुवाटै कार्य सम्पादन हुने व्यवस्था गरिएको छ।	फछर्यौट भएको ।
२६	HS-WEB-128068-FO २०८३/२/४	आयोग विघटनवाट कार्यरत कर्मचारीलाई अन्योल भएको सम्बन्धी गुनासो ।	भूमि समस्या समाधान समिति गठन भई कार्य आरम्भ भई सकेको र कार्यरत जनशक्तिले निरन्तरता पाई सकेको हुँदा समस्या समाधान भई सकेको ।	फछर्यौट भएको ।

परिच्छेद -४

विविध

४.१ समितिको बैठक संख्या र निर्णय

आ.व. २०८२/८३ मा भूमि समस्या समाधान समितिको १९ वटा बैठक बसी विभिन्न विषयमा निर्णय भएको थियो। ती निर्णयहरूमध्ये ७७ वटै जिल्ला समितिहरूलाई मार्ग निर्देशन हुने गरी देहायका निर्णयहरू गरिएका थिएः-

२०८२ श्रावण ०५ बिहीबार

१. मिति २०८२/०३/१८ मा बसेको आयोगको बैठकको निर्णय कार्यान्वयनको विषयमा समीक्षा गरियो।

२. विभिन्न जिल्ला स्थित आयोगको जिल्ला समितिहरुमा खटाइएका प्राविधिक कर्मचारी (सर्भेक्षक तथा अमिन। हरु कुनै जिल्ला समितिमा बढी भएको भनी जानकारी प्राप्त भएको र कुनै कर्मचारीहरुले कामकाज गर्ने जिल्ला परिवर्तन गरी पाउन आयोगमा निवेदन पेश गरेको हुँदा आवश्यकता एवं कार्य चापको आधारमा सर्भेक्षक तथा अमिनहरुको यही श्रावण मसान्त भित्र पुनः व्यवस्थापन गर्न तयारी गर्ने निर्णय गरियो ।

३. गत आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरिएका विभिन्न कार्यहरु सहित आयोगको बार्षिक प्रगति प्रतिवेदन तयार गर्न योजना शाखाले जिल्ला समितिहरुबाट विवरण माग गरी देहाय अनुसारको समितिले प्रतिवेदनको मस्यौदा तयार गरी २०८२ श्रावण १८ गते भित्र आयोगमा पेश गर्ने निर्णय गरियो ।

संयोजक श्री गोवर्द्धन कोली
सदस्य श्री आरती भण्डारी
सदस्य श्री महेश्वर कार्की
सदस्य श्री शिव भण्डारी
सदस्य श्री अनिप क्षेत्री

४. आयोगको चालु आर्थिक वर्ष २०८२/८३ को विनियोजित वार्षिक बजेट तथा कार्यक्रम अनुसारको वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना देहाय अनुसारको समितिले २०८२ श्रावण २० गते भित्र तयार गरी आयोगमा पेश गर्ने निर्णय गरियो ।

संयोजक श्री सनत कार्की
सदस्य श्री जगत बस्नेत
सदस्य श्री टेकबहादुर शाह
सदस्य श्री संजिव कुमार साह
सदस्य श्री महेश्वर कार्की
सदस्य श्री विनिता उपाध्याय

५. चालु आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेट तथा कार्यक्रमको जानकारी जिल्ला समितिहरुलाई पठाउने तथा वार्षिक कार्यक्रमका सम्बन्धमा जिल्ला समितिका सबै पदाधिकारीहरुको बैठक राखी वार्षिक कार्यक्रम कार्यान्वयन गर्न जिल्ला समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

६. विभिन्न जिल्ला समिति तथा पालिकाहरुको अनुगमन नीरिक्षणको क्रममा भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको आवेदन छुट भएको देखिन आएको हुनाले भूमि सम्बन्धी (बीसौं संशोधन) नियमावली, २०२१ को नियम ४१छ१ बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासी तथा विगतका आयोग, समिति र कार्यदलवाट सम्पन्न हुन बाँकी रहेका कामहरु सम्बन्धी आबेदन पेश गर्न अन्तिम पटकको लगत संकलनको सूचना २०८२ श्रावण २७ गते भित्र प्रकाशन गर्ने निर्णय गरियो।

७. कार्यसम्पादन सम्झौता भई हालसम्म पनि कुनै लगत संकलन नगरी बाँकी रहेका पालिकाहरुलाई २०८२ श्रावण महिनामा प्रकाशन हुने अन्तिम पटकको सूचनाको समय सीमा भित्रै लगत संकलन गर्न वा आवेदक नभए सोको लिखित जानकारी आयोगलाई गराउन सम्बन्धित पालिका र जिल्लाहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

८. दर्ता नं. १६८१ मिति २०८२/३/३ जिल्ला समिति नवलपरासी र दर्ता नं. ६९ मिति २०८२/४/२ जिल्ला समिति झापाको पत्रको सम्बन्धमा विगतका आयोग, समिति र कार्यदलवाट सम्पन्न हुन बाँकी रहेका जग्गा दर्ता गर्न उल्लेख भएको जग्गाको हालको न्युनतम मुल्याङ्कनको २५% राजश्वलाई कायम गरी राजश्व असुल गरी दर्ता गर्न प्रक्रिया अगाडि बढाउन लेखी पठाउने निर्णय गरियो।

९. आयोगको आ.व. २०८१/०८२ को वार्षिक समिक्षा बैठक २०८२ श्रावण २२ गते काठमाडौंमा गर्ने निर्णय गरियो।

१०. भूमि समस्या समाधान आयोग, जिल्ला समिति कञ्चनपुरको च.नं. १५९ मिति २०८२/३/२० को पत्रवाट माग गरिएको निर्देशनको सम्बन्धमा भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ ग (५) अनुसार जग्गा उपलब्ध गराउन सकिने र यस बमोजिम जग्गा उपलब्ध गराउदा भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम ४१ मा दस्तुर लिइने छैन भनी व्यवस्था भए अनुसार गर्न-गराउन निर्देशन दिने निर्णय गरियो ।

२०८२ श्रावण २१ बुधबार

१. भूमि समस्या समाधान आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक समिक्षा गोष्ठी मिति २०८२ श्रावण २७ गते सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा संचालन गर्ने निर्णय गरियो।

२०८२ भदौ ६ गते शुक्रबार

१. मिति २०८२/०४/२१ मा बसेको आयोगको बैठकको निर्णय कार्यान्वयनको विषयमा समीक्षा गरियो।

२. मिति २०८२/०४/२७ गतेका दिन अनुपम फुडल्याण्ड, काठमाडौंमा सम्पन्न आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा गोष्ठीमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी प्रमुख अतिथिको रुपमा उपस्थित हुनु भएकोमा सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीज्यू, विशेष अतिथिको रुपमा उपस्थित हुनु भएकोमा माननीय गृह मन्त्री रमेश लेखकज्यू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय बलराम अधिकारीज्यू, कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय रेवती रमण भण्डारीज्यू, लुम्बिनी प्रदेश सरकारका कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री माननीय दिनेश पन्धीज्यू, गण्डकी प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री माननीय पद्धमा जि.सी.ज्यू, कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय विनोदकुमार शाहज्यू र सुदूरपश्चिम प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय वीरबहादुर थापाज्यूलाई विशेष धन्यवाद दिनुको साथै उक्त कार्यक्रम सुसम्पन्न गर्नमा सहयोग गर्नुहुने सम्पूर्णलाई धन्यवाद दिने र उक्त वार्षिक समीक्षा गोष्ठीबाट प्राप्त सल्लाह, सुझाव समेतलाई मध्यनजर गरी आगामी क्रियाकलापहरु सञ्चालन गर्ने निर्णय गरियो।

३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन गर्ने प्रयोजनको लागि प्रकासित अन्तिम पटकको ३५ दिने सूचना अनुसार लगत संकलन गर्न बाँकी रहेका पालिकाहरुलाई उक्त कार्य तोकिएको समय भित्रै सम्पन्न गर्न प्रदेश संयोजक सदस्यज्यूहरुले पहल गर्ने निर्णय गरियो तथा उक्त सूचनाको प्रचारप्रसार गर्न सबै स्थानीय तहहरुलाई संघिय मामिला तथा सामान्य प्रसाशन मन्त्रालय मार्फत पत्राचार हुन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो। साथै स्थानीय तहहरुलाई उक्त सूचना बारे अनिवार्य पत्राचार गर्न जिल्ला समितिहरुलाई लेखी पठाउने र लगत संकलन सम्बन्धी सूचनाको CRBT बजाउनको लागि यस आयोगको च.नं. ९३ मिति २०८२/०५/०१ को पत्रलाई कार्यान्वयनमा लैजान भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा समन्वय गर्ने निर्णय गरियो।

४. भूमि समस्या समाधान आयोग जिल्ला समितिहरुको कामको चाप र कार्यरत सर्वेक्षक र अमिनहरुवाट प्राप्त निवदेनको आधारमा आयोगको जिल्ला समितिहरुमा कामकाज गर्न खटाउने नामावली सम्बन्धित जिल्ला समितिहरुसँग प्रदेश संयोजकहरुको समन्वय अनुसार तयार गरी आयोगको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

५. वार्षिक प्रगती प्रतिवेदन मस्यौदा समितिवाट पेस भई आएको भूमि समस्या समाधान आयोगबाट सञ्चालन भएका कार्यहरु तथा आयोगको स्वीकृत बार्षिक कार्यक्रम अनुसार सम्पन्न भएका कार्यहरुको प्रगती सहितको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगती प्रतिवेदनलाई गत श्रावण २७ गते सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा आयोजना गरिएको बार्षिक समीक्षा गोष्ठीबाट प्राप्त प्रगतीहरु तथा सुझावहरु समेतलाई समावेस गरी संलग्न बमोजिमको आयोगको बार्षिक प्रगती प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय गरियो। साथै बार्षिक कार्ययोजना मस्यौदा समितिबाट पेस भई आएको चालू आर्थिक वर्षको बार्षिक कार्ययोजना माथि छलफल गरी संलग्न बमोजिमको वार्षिक कार्ययोजना स्वीकृत गरी प्रभावकारी रुपमा कार्यान्वयन र नियमित अनुगमन गर्ने निर्णय गरियो।

६. आयोगको कामकारबाहीलाई प्रभावकारी बनाउने आगामी रणनीतिका सम्बन्धमा तपसिल बमोजिमको कार्यहरु गर्ने निर्णय गरियो।

क. जिल्ला समितिले स्थानीय सञ्चार माध्यमवाट प्रचार प्रसार गर्ने,
ख. जिल्ला समितिहरुमा रहेका सबै सदस्यहरुको अनिवार्य कार्यविभाजन जिम्मेवारी तोकिनुको साथै मासिक हाजिरी विवरण सदस्य-सचिव र अध्यक्षवाट प्रमाणित गरी आयोगको केन्द्रिय कार्यालयमा पठाउनुहुन तथा सदस्यहरुले जिल्ला छोड्नुपर्दा जिल्ला समितिका अध्यक्षबाट र जिल्ला समितिको अध्यक्षले जिल्ला छोड्नुपर्दा केन्द्रिय अध्यक्षज्यूको लिखित स्वीकृत लिई जिल्ला छोड्ने सम्वन्धी पत्राचार गर्ने,
ग. आयोगको क्रियाकलापहरुलाई सहयोग गर्न सम्पूर्ण राजनीतिक दलहरुलाई र सांसदहरुलाई पत्राचार गर्ने,
घ. प्रत्येक प्रदेश अन्तर्गतका जिल्ला समितिका पदाधिकारीहरुको उपस्थितिमा सम्बन्धित प्रदेश संयोजकको संयोजकत्वमा zoom बैठक आयोजना गर्ने,
ड. प्रदेश संयोजक सदस्यज्यूहरु सम्बन्धित जिल्लाहरुमा खटिई सहजीकरण गर्ने,
च. आयोगको कामसँग सम्बन्धित कार्यको तहगत प्रक्रिया बारे जानकारीमूलक विवरण तयार गरी सबै जिल्ला समितिहरुलाई स्थानीय पालिका मार्फत प्रकाशन गर्न पत्राचार गर्ने,
छ. आयोगको काम कारवाही सँग सम्वन्धित जानकारीमूलक सन्देश सहितको वृत्तचित्र बनाई आयोगको वेभसाइट लगायत समाजिक संजाल मार्फत प्रसारण गर्ने।

७. जिल्ला समितिको आ.व. २०८२/८३ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु अघि जिल्ला समितिको बैठकमा पेस गर्न र जिल्ला समितिको निर्णय अनुसार कार्यान्वयन गर्न जिल्ला समितिलाई लेखी पठाउने निर्णय गरियो।

२०८२ पुस ९ गते बुधबार

१. २०८२ असोज २४ गते शुक्रबार नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट जारी प्रेस विज्ञप्ति अनुसार नेपाल सरकार (मन्त्रीपरिषद्) बाट मिति २०८२।६।२३ मा भूमि समस्या समाधान आयोग खारेज हुने गरी निर्णय भएकोमा उक्त निर्णयको विरुद्धमा परमादेशको आदेश जारी गरिपाउँ भनी सर्वोच्च अदालतमा दिइएको मुद्दाका सम्बन्धमा सर्वोच्च अदालत मुद्दा तथा रिट महाशाखाले मिति २०८२-०९-०१ मा फैसलाको जानकारी सम्बन्धी पत्रमार्फत "पुनरावेदक/निवेदक हरिप्रसाद रिजालसमेत र प्रत्यर्थी/विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत भएको उत्प्रेषण विषयको मुद्दा नं ०८२-wo-०३३६ को यस रिट निवेदनमा यस अदालतबाट मिति २०८२।८।१५ मा भएको फैसला विपक्षीलाई जानकारी गराइपाउँ भनी निवेदक हरिप्रसाद रिजालसमेतका वारिस सुदिपकुमार साहको निवेदन परेको हुँदा यो जानकारीपत्र पठाइएको छ । प्रस्तुत रिट मिति २०८२।८।१५ मा इजलासमा पेस भई रिट जारी हुने गरी फैसला भएको

यस अदालतको वेभसाइटमा रहेको मुद्दाको स्थितिबाट देखिएको सम्बन्धित इजलास अधिकृतबाट समेत सोही व्यहोराको जानकारी गराएको र फैसला आदेशको पूर्णपाठ तयार भइनसकेको व्यहोरासमेत जानकारीका लागि अनुरोध छ" भनी भएको निर्णयको छायाँकपीसहित भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ३६७ मिति २०८२।९।८ को पत्रमार्फत आयोगलाई जानकारी प्राप्त भएकोले आयोगका सबै जिल्ला समितिहरुलाई भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ तथा प्रचलित नियमानुसार कामकारबाही सुचारु गर्न निर्देशन दिने निर्णय गरियो ।

२०८२ पुस २९ गते मंगलबार

१. भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ को दफा २४ को उपदफा ५ बमोजिम नापी विभागबाट सिफारिस भई आएका प्राविधिक कर्मचारीहरुलाई भूमि समस्या समाधान आयोगले करारमा नियुक्ति दिई आयोगको जिल्ला समितिहरुमा २०८२ पुस मसान्त सम्मको लागि कामकाज गर्न सम्झौता गरी खटाइएका साथै गठन आदेशको अनुसूची (१) को कसं. १५ बमोजिमका कार्यालय सहयोगी समेतका करारका कर्मचारीहरुका कार्य अवधि २०८२ माघ १ गतेदेखि २०८३ असार मसान्तसम्मको लागि थप गर्ने निर्णय गरियो ।

२. भूमि समस्या समाधान आयोगको कामलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि आयोगका विज्ञ सदस्य डा. जगत बहादुर बस्नेतको संयोजकत्वमा सदस्य गोवर्द्धन कोली र शाखा अधिकृत बद्रीप्रसाद शर्मा वाग्ले रहेको कार्ययोजना निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

२०८२ माघ १४ गते बुधबार

१. मिति २०८२ पुस २९ गते आयोगबाट भएका निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

२. निर्वाचन आयोगको निर्णयबाट मिति २०८२ साल माघ ४ गते राति १२:०० देखि अर्को सूचना प्रकाशन नभएसम्मका लागि कार्यान्वयनमा ल्याइएको नेपाल सरकारद्वारा मिति २०८२ पुस १२ गते राजपत्रमा प्रकाशित खण्ड (७५) अतिरिक्ताङ्क (३९) भाग ५ को निर्वाचन आचारसंहिता २०८२ जिल्ला समितिहरुलाई जानकारी र कार्यान्वयनका लागि पठाउने निर्णय गरियो ।

३. २०८२ माघ महिनादेखि २०८३ असार मसान्तसम्मका लागि भूमि समस्या समाधान आयोगको कामलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आयोगका विज्ञ सदस्य डा. जगतबहादुर बस्नेतको संयोजकत्वमा गठित समितिबाट तयार पारिएको तपसिल बमोजिमको कार्ययोजनालाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

४. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको समग्र अवस्थाका बारेमा अध्ययन गर्नका लागि विज्ञ सदस्य डा. जगतबहादुर बस्नेत, विज्ञ सदस्य टेकबहादुर शाह, सदस्य गोवर्धन कोली, सर्भेक्षक राजेश झा र सर्भेक्षक एलिना शर्मा रहने गरी अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो ।

५. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको कार्य २०८३ असार मसान्तसम्म सम्पन्न गरिसक्न आयोगका जिल्ला समितिहरू र सबै पालिकालाई अनुरोध गर्ने निर्णय गरियो ।

६. भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ को दफा २७ को उपदफा (३) मा "जिल्ला समितिको कार्य अवधि पाँच हजार भन्दा बढी निवेदन परेको जिल्लाको हकमा तीन वर्षको, एक हजार भन्दा बढी पाँच हजारसम्म निवेदन परेको जिल्लाको हकमा दुई वर्षको र एक हजारसम्म निवेदन परेको जिल्लाको हकमा एक वर्षको हुनेछ। भन्ने व्यवस्था भएकोमा भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ आश्विन १४ गते जारी भएको तथा २०८१ कार्तिक १४ गते केन्द्रीय आयोगका पदाधिकारीहरु बहाली भई काम सुचारु गरेको र आयोग अन्तर्गतका जिल्ला समितिहरुमा २०८१ पुस २९ गते जिल्ला समितिका अध्यक्षको नियुक्ति भई काम सुचारु भएकोमा १००० सम्म निवेदन परेका जिल्लाहरु हुम्ला, मुगु, रसुवा, रुकुमपूर्व, भक्तपुर, ओखलढुंगा, सोलुखुम्बु, मनाङ, डोल्पा, मुस्ताङ, संखुवासभा र म्याग्दी रहेकोमा उपर्युक्त

जिल्ला समितिहरुबाट प्राप्त जानकारी अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको निवेदन फाराम उल्लेख्यमा मात्रामा संकलन भए पनि सो फाराम लगत प्रविष्टि गर्ने भू-सूचना प्राणाली (NALCIS System) मा लगत Entry हुन बाँकी रहेको तया विविध भौगोलिक विकटता, प्रतिकूल मौसम (जाडो महिनामा प्रायः हिमाली जिल्लाहरुमा काम हुन नसक्ने), जेनजी आन्दोलन, आयोग खारेजीको निर्णयजस्ता कारणले जिल्ला समितिमा कामकारवाही प्रभावित भएकोले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न जिल्ला समितिको कार्य अवधि २०८३ असार मसान्तसम्म थप गर्न श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो।

७. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण भू-सूचना प्रणाली (NALCIS System) मा १००० भन्दा कम देखिएका जिल्ला समितिहरु हुम्ला, मुगु, रसुवा, रुकुमपूर्व, भक्तपुर, ओखलढुंगा, सोलुखुम्बु, मनाङ, डोल्पा, मुस्ताङ, संखुवासभा र म्याग्दीबाट स्थानीय तह अनुसार भूमिहीन दलितको संख्या, भूमिहीन सुकुम्बासीको संख्या, अव्यवस्थित बसोवासीको संख्या र नापनक्साको विवरणसहितको प्रतिवेदन जिल्ला समितिबाट प्रमाणित गरी उपलब्ध गराउन उल्लिखित जिल्ला समितिहरुलाई लेखिपठाउने निर्णय गरियो ।

२०८३ जेठ २१ बिहीबार

१. भूमि सम्बन्धी (एक्काईसौं) संशोधन नियमहरु,२०८३ को नियम ४१क१ बमोजिम गठित भूमि समस्या समाधान समितिको काम कारवाही सम्बन्धी तपसिल बमोजिमका कार्यविधिहरुको मस्यौदा तयार गरी आगामी बैठकमा पेस गर्ने निर्णय गरियो।

तपसिल

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३
- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड , २०८३

२०८३ जेष्ठ २२ शुक्रबार

१. भूमि सम्बन्धी (एक्काईसौं) संशोधन नियमहरु, २०८३ को नियम ४१क१ बमोजिम गठित भूमि समस्या समाधान समितिको काम कारवाही सम्बन्धी तपसिल बमोजिमका कार्यविधिहरुको मस्यौदा तयार गरी आगामी बैठकमा पेस गर्ने निर्णय गरियो।

तपसिल

- भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कार्यविधि, २०८३
- विगतका आयोग, समिति र कार्यदलका बाँकि साम सम्पन्न गर्ने सम्बन्धि कार्यविधी, २०८३

२०८३ जेष्ठ २४ आइतबार

१. तत्कालीन भूमि समस्या समाधान आयोगबाट सम्पादित कार्यक्रमहरुको स्वामित्व यस भूमि समस्या समाधान समितिले ग्रहण गर्ने निर्यण गरियो।

२. भूमि समस्या समाधान समिति आफ्नो काम कारवाही मिति २०८३ जेठ २० गतेबाट नियमितरुपमा सुचारु गरेको जानकारी स्थानीय तहहरुलाई पठाउने निर्णय गरियो ।

३. भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/२/२१ को पत्रबाट भूमि सम्वन्धी नियमहरु, २०२१ (संशोधन सहित) को नियम ४१क१ को उपनियम (१) मा भूमि समस्या समाधान समिति रहने व्यवस्था बमोजिम नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०८३/२/१९ को निर्णयानुसार अध्यक्ष र सदस्यहरुको नियुक्ति भैसकेको र सोही नियमहरुको उपनियम ४१क६ बमोजिम नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट मिति २०८३/२/२१ मा देहाय अनुसारको जिल्ला भूमि समस्या समाधान समिति गठन गरिएको हुँदा सोही अनुसार नियमहरुमा भएको व्यवस्था कार्यान्वयन गर्न गराउन जिल्ला भूमि समस्या समाधान समितिहरुलाई अनुरोध गर्ने निर्णय गरियो।

देहायः

प्रमुख जिल्ला अधिकारी	- अध्यक्ष
प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला भित्रको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत	- सदस्य
जिल्ला समन्वय अधिकारी	- सदस्य
प्रमुख जिल्ला सदरमुकाम स्थित भूमि प्रशासन कार्यालय	- सदस्य
प्रमुख जिल्ला सदरमुकाम स्थित डिभिजन वन कार्यालय	- सदस्य
अधिकृत प्रतिनिधि सम्बन्धित जिल्ला प्रशासन कार्यालय	- सदस्य
प्रमुख जिल्ला सदरमुकाम स्थित नापी कार्यालय	- सदस्य-सचिव

४. भूमि सम्बन्धी (एक्काईसौं) संशोधन नियमहरु २०८३ को नियम ४१क१८ को उपनियम (४) बमोजिम नियमको अनुसूची २०(ग) बमोजिम नापजाँचको लागि फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुको सम्बन्धमा नियम ४१क२१ को उपनियम (४) मा भूमि समस्या समाधान आयोग गठन आदेश २०८१ बमोजिम गठन भएको भूमि समस्या समाधान आयोगले नियुक्त गरेका कर्मचारीहरुलाई समितिले पुनः परिचालन गर्न सक्ने छ भन्ने व्यवस्था भए अनुसार नापजाँचका लागि तत्कालिन भूमि समस्या समाधान आयोगको जिल्ला समितिमा फिल्डमा खटाएका प्राविधिक कर्मचारीहरुलाई जिल्ला भूमि समस्या समाधान समितिले पहिलेको करार सम्झौता बमोजिम पुनः परिचालन गर्न निर्देशन दिने निर्णय गरियो ।

२०८३ जेष्ठ २५ सोमबार

१. समितिको अघिल्लो बैठकका निर्णयहरुको समिक्षा गरियो ।

२. भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा तयार गरिएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८३ र भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८३ माथि बिस्तृत छलफल गरी मस्यौदालाई आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो।

३. आ.व २०८२/८३ को मिति २०८३ जेठ २० गते देखि असार मसान्त सम्मको लागि समितिबाट सम्पादन गरिने कार्यहरुको सम्बन्धमा संलग्न बमोजिमको कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो।

२०८३ जेष्ठ २६ मङ्लबार

१. समितिको अघिल्लो बैठकका निर्णयहरुको समिक्षा गरियो ।

२. भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा तयार गरिएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३ र विगतका आयोग, समिति र कार्यदलका बाँकि काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८३ माथि बिस्तृत छलफल गरी मस्यौदालाई आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो।

३. भूमि समस्या समाधान समितिको कार्यहरुलाई प्रभावकारी रुपमा सम्पादन गर्न समितिका केन्द्रका पदाधिकारी र जिल्ला भूमि समस्या समितिका अध्यक्ष तथा सदस्य सचिवहरुको प्रदेश स्तरीय भर्चुअल माध्यमबाट बैठक राखि अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

२०८३ असार २ सोमबार

१. भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्न तयार गरीएको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८३ को मस्यौंदालाई स्वीकृत गरी लागू गर्ने निणय गरीयो।

२०८३ असार ९ मङ्गलबार

१. जिल्ला भूमि समस्या समाधान समिति झापा, भद्रपुरको च.नं. १, मिति २०८३/०३/०४ को पत्रबाट ६ थान जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार भएको जानकारी अनुसार उक्त जग्गाधनी दर्ता प्रमाणपूर्जा तयार गर्दा जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८३ को अनुसूची ११ बमोजिमका कार्यहरु पूरा भएको भए पूर्जा वितरण गर्ने प्रयोजनको लागि आवश्यक बाँकि कार्य अगाडि बढाउने र पूर्जा वितरण भएको विवरण समितिको NALCIS सिस्टममा पूर्जा वितरण गर्नु पूर्व अनिवार्य प्रविष्ट गर्न निर्देशन दिने निर्णय गरियो ।

२. भूमि समस्या समाधान समितिलाई सम्बोधन गरी विभिन्न निकाय र मन्त्रालयबाट प्राप्त भएका पत्र र विषयहरुको बारेमा जानकारी लिई केही विषयलाई सम्बोधन गर्न सम्बन्धित जिल्ला समिति र स्थानीय तहमा पत्राचार गर्न र समितिसँग सम्बन्धित नभएको विषयलाई तामेलीमा राख्न सचिवालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. समितिको अघिल्लो बैठकका निर्णयहरुको समिक्षा गरियो ।

४. भूमि समस्या समाधान समितिबाट आ.व. २०८३/८४ मा सम्पादन गरिने कार्यहरुको सम्बन्धमा संलग्न कार्ययोजना स्वीकृत गरी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

५. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य मन्त्रलायको च.नं. १४९ मिति २०८३/०३/०२ को सम्पत्तिको संरक्षण र व्यवस्थित विकास विषयक गुनासो र च.नं. १४८ मिति २०८३/०३/०२ को नीतिगत सुधारको लागि सुझाव विषयक गुनासोलाई जानकारीमा लिई समितिसँग सम्बन्धित विषयहरुलाई आवश्यकता अनुसार यस समिति र जिल्ला भूमि समस्या समाधान समिति मार्फत गुनासोको सुनुवाई गरिने निर्णय गरियो ।

६. भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउने सम्बन्धमा विभिन्न जिल्ला समितिहरुसँग अन्तरक्रिया गर्ने क्रममा जिल्ला स्थित भूमि प्रशासन कार्यालयमा निवेदकको तीन पुस्ते सहितको नामावली बमोजिम जग्गा रहे/नरहेको सम्बन्धमा लेखी पठाउँदा निवेदकको जिल्ला भित्र मात्रको विवरण उपलब्ध

हुने हो वा नेपाल राज्यभित्रको निवेदकको तीन पुस्ता भित्रको व्यक्तिको नाममा अन्यत्र जग्गा रहे/नरहेको समेत देखिने हो तत् सम्बन्धमा जिज्ञासा रहेकोले सो विषयमा प्रष्ट हुनुपर्ने हुँदा यकिनका लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागमा लेखी पठाउने निर्णय गरियो।

२०८३ असार १० बुधबार

१. भूमि सम्बन्धी समस्या समाधान आयोग, २०७६ बमोजिम गठित आयोगमा काम गर्ने कर्मचारीहरुको लागि तलब स्केलको पच्चीस प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था रहेकोमा हाल भूमि समस्या समाधान समिति गठन हुँदा उक्त भत्ताको व्यवस्था रहेको छैन। समितिको कार्यालयमा कार्यारत कर्मचारीहरुले बिहान र बेलुका कार्यालयमा बसि काम गर्नु पर्ने अवस्था रहेको छ, साथै सार्वजनिक विदाको दिनमा समेत कर्मचारीहरुलाई काममा लगाई राख्नुपर्ने हुँदा भूमि सम्बन्धी नियमहरु,२०२१ (एक्काईसौं संशोधन) को अनुसूची-२०ख बमोजिम समितिमा रहने कर्मचारी र जिल्ला समितिका लागि स्वीकृत दरबन्दी भित्रका कर्मचारीहरु एवम प्रमुख नापी अधिकृत सदस्य सचिव हुने जिल्ला समितिमा १ जना नापी अधिकृत, ३ जना सर्भेक्षक वा अमिन र नापी अधिकृत सदस्य सचिव हुने जिल्ला समितिका लागि १ जना सर्भेक्षक वा २ जना अमिन, जिल्ला भूमि प्रशासन कार्यालयबाट २ जना नायब सुब्बा वा खरिदार र १ जना कम्प्युटर अपरेटर काजमा खटाई कामकाज लगाउन आवश्यक देखिन्छ। हाल जिल्ला समितिमा रहेका १/१ जना कम्प्युटर अपरेटर र कार्यालय सहयोगीको सहयोगमा मात्र लगतको अभिलेख, पहिचान तथा प्रमाणीकरण, सूचना प्रवाह, नापी नक्सा र मूल्य निर्धारण जस्ता महत्वपूर्ण कार्यहरु सम्पादन हुन सक्ने देखिदैन । तसर्थ जिल्ला स्थित नापी कार्यालय र भूमि प्रशासन कार्यालयबाट उल्लेखित पदका थप कर्मचारीहरु जिल्ला समितिमा काजमा खटाई काममा लगाउनु पर्ने भएकोले समितिको केन्द्रिय कार्यालय र जिल्ला समितिको कार्यालयमा खटाईने ती कर्मचारीहरुलाई समेत समितिका सदस्य सरह पच्चीस प्रतिशत भत्ता उपलब्ध गराउन भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

२०८३ असार १२ शुक्रबार

१. भूमि समस्या समाधान समितिको आ.व. ०८२/८३ को स्वीकृत वार्षिक कार्ययोजना बमोजिम तपसिल बमोजिमका पालिकाहरूको हकमा मिति २०८२।४।२९ मा दोश्रो पटकका लागि गोरखापत्र राष्ट्रिय दैनिकमा भूमिहीन दलीत, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थीत बसोबासीहरूको लगत संकलनका लागि सूचना प्रकाशन भइसकेको छ। भूमि सम्बन्धी (बीसौं संशोधन) नियमावली, २०२१ को नियम ४१छ१ को उपनियम (२) बमोजिम समितिले अन्तिम पटकको लागि छुटफुट भएका लाभग्राहीको हकमा लगत संकलनको सूचना प्रकाशन गर्नु पर्ने आवश्यक्ता छ छैन? सो सम्बन्धमा सम्बन्धित पालिकालाई तीन दिनको म्याद दिई पत्राचार गर्ने। अन्तिम पटकका लागि सूचना प्रकाशन गर्न माग भई आएमा ३५ दिनको म्याद दिई लगत संकलनको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

२०८३ असार १५ शुक्रबार

१. तत्कालीन भूमि समस्या समाधान आयोगको आ.व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रममा तालिम तथा गोष्ठी सम्बन्धी खर्च शिर्षक २१५१२ अन्तरगत आयोगको कामसंग सम्बन्धित कानून, कार्यविधि, माषदण्ड निर्माण, सम्वन्धित जिल्ला/स्थानीय तहस्तरीय अभिमूखीकरण कार्यक्रममा रु. ३५०,०००/- रकम हालसम्म खर्च भएको छैन ।मिति २०८३/०२/२१ गते भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट

७७ वटै जिल्लामा जिल्ला भूमि समस्या समाधान समिति गठन गरी भूमिहिन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीहको व्यवस्थापन गर्ने कार्य प्रारम्भ भएको छ । नवगठित जिल्ला समितिहरुबाट सम्पादन गर्नु पर्ने कामकारवाही र प्रक्रियाको सम्बन्धमा अभिमुखीकरण गर्नु पर्ने आवश्यकता देखिन्छ । हाल चालु आ.व. २०८२/०८३ को अन्तिम समय रहेको र विनियोजन भएको रकमबाट सातवटै प्रदेशमा नवगठित जिल्ला समितिहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्न नसकिने भएकोले उक्त रकमबाट लुम्बिनी प्रदेश अन्तरगतका १२ वटा जिल्ला भूमि समस्या समाधान समितिका सबै पदाधिकारीहरुको लागि भूमि समस्या समाधान समितिबाट सम्पादन गरिने कार्यहरु र प्रक्रियाको सम्बन्धमा मिति २०८३/०३/२० गते बुटवलमा अभिमुखीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

२. काठमाडौं महानगर भित्र पुस्तौं देखि बसोबास गरेका र अन्य जिल्लाबाट आई बसोबास गरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको लागि दिगो नीति तर्जुमा गर्न आवश्यक देखिएकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय, अधिकार सम्पन्न वाग्मती सभ्यता एकिकृत विकास समिति, काठमाडौं र ललितपुर महानगरपालिका तथा भक्तपुर नगरपालिकाका प्रमुखज्यूहरु सहितको उपस्थितिमा आवश्यक समन्वय एवं अन्तरक्रिया कार्यक्रम आयोजना गर्न भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

३. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको बढी समस्या भएका काठमाडौं महानगरपालिकाका वडाका वडा अध्यक्षहरु समेतको उपस्थितिमा अर्को बैंठक काठमाडौं महानगरपालिकामा बस्ने निर्णय गरियो ।

२०८३ असार २२ सोमबार

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको दिगो व्यवस्थापन गर्ने कार्यमा अन्य देशहरुको कानुनी व्यवस्था, कर्यप्रकिया एवं त्यसको नतिजा र नेपालमा अपनाउन सकिने विधि प्रक्रियाका विषयमा विषय विज्ञहरुसंग मिति २०८३/०३/२९ गते सोमबार विहान ११:०० बजे छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने र कार्यक्रममा उपस्थित विषय विज्ञहरुलाई नियमानुसार भत्ता र यातायात खर्च समितिले उपलब्ध गराउने निर्णय गरियो

२०८३ असार २९ सोमबार

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कर्यविधि २०८३ को दफा ५ को उपदफा (१) र दफा ६ को उपदफा १० बमोजिम कार्यविधिको अनुसूची ५ अनुसार फिल्डबुक तथा दफा ७ को (१) बमोजिम कार्यविधिको अनुसूची ९ र १० अनुसार जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाणपूर्जा तयार गरि जग्गा दर्ता तथा प्रमाणपूर्जा जारी गर्न सम्बन्धित लाभग्राहीको श्रीमान र श्रीमती दुबैको फोटो, सहि र औंठाछाप राख्ने व्यवस्था रहेकोमा कुनै कारणवस एक जना लाभग्राही मात्र उपस्थित भएको अवस्थामा उपस्थित भएको श्रीमान वा श्रीमतीको फोटो, सहि र औंठाछाप लिई अनुपस्थित लाभग्राहिको फोटो टाँस गरि त्यस्तो श्रेस्ता पूर्जा सम्बन्धित उपस्थित लाभग्राहिलाई वितरण गर्न बाधा पर्ने छैन र सोको जानकारी सबै जिल्ला भूमि समस्या समाधान समितिलाई गराउने निर्णय गरियो ।

२. तत्कालिन भूमि समस्या समाधान आयोगबाट नियुक्त भई जिल्ला समीतिमा कार्यरत प्राविधिक कर्मचारीहरु (सर्भेक्षक/अमिन) लाई यस समितिको गठन पश्चात समितिले पुनःपरिचालन गर्ने निर्णय भए अनुसार पुनःपरिचालन भएका प्राविधिक कर्मचारीहरु (सर्भेक्षक/अमिन) को करार सम्झौताको अवधि २०८३ असार मसान्तसम्म रहेकोमा निजहरुको करार सम्झौता अवधि २०८३ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

३. तत्कालिन भूमि समस्या समाधान आयोगबाट नियुक्त भई ३८ जिल्ला समीतिमा कार्यरत सहायक कम्प्यूटर अपरेटर र ३५ जिल्ला समितिमा कार्यरत कार्यालय सहयोगीहरुको करार सम्झौताको अवधि २०८३ असार मसान्तसम्म रहेकोमा कार्यालय सहयोगीहरुको करार सम्झौता अवधि २०८३ पुस मसान्तसम्म थप गर्ने र ३८ जिल्ला समितिमा कार्यरत सहायक कम्प्यूटर अपरेटरहरुको योग्यता कम्प्यूटर अपरेटरको लागि तोकिएको योग्यता पुगेमा जिल्ला समितिले कम्प्यूटर अपरेटर पदमा मिति २०८३ साउन १ गतेदेखि लागु हुने गरी मिति २०८३ पुस मसान्तसम्मको लागि करार सम्झौता गरी काममा लगाउन जिम्मेवारी दिने निर्णय गरियो ।

२०८३ असार ३० मङ्लबार

१. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न उपलब्ध गराउने प्रयोजनको लागि भूमि समस्या समाधान समिति गठन हुनु अघिका आयोग/समितिबाट नापनक्सा भई नक्सा र फिल्डबुक प्रमाणित भईसकेका वा प्रमाणित हुन बाँकि रहेका जग्गाको कित्ता नेपाल सरकारको नाममा दर्ता गर्न बाँकी भए जिल्ला समितिले निर्णय गरी सो जग्गा नेपाल सरकारको नाममा दर्ता गर्न भूमि प्रशासन कार्यालयलाई लेखि पठाउने । भूमि प्रशासन कार्यालयले नेपाल सरकारको नाममा दर्ता गरी सोको जग्गाधनी दर्ता प्रमाणपूर्जा जिल्ला समितिलाई उपलब्ध गराए पछि उक्त जग्गा पुनः कित्ताकाट गर्नुपर्ने भए कित्ताकाट गरी लाभग्राहीलाई उपलब्ध गराउन जिल्ला समितिलाई निर्देशन दिने र यस्तो प्रकृतिको जग्गा दर्ताको निर्णय गर्दा मालपोत ऐन. २०३४ को दफा ७ (१) बमोजिम पुनः नापनक्सा गराइरहन नपर्ने जानकारी समेत जिल्ला भूमि समस्या समाधान समितिलाई गराउने निर्णय गरियो ।

२. अव्यवस्थित बसोबासीको व्यबस्थापनको लागि उपलब्ध गराइएको जग्गाको नियमानुसारको राजश्व अशुलउपर भइसकेको तर जग्गाधनी दर्ता श्रेस्ता/पूर्जा तयार गर्न बाँकी भएको वा राजश्व अशुलउपर भई श्रेस्ता/पूर्जा तयार भइसकेको वितरण गर्न मात्र बाँकि भए त्यस्ता पूर्जा १५ दिनभित्र वितरण गर्ने । वितरण हुने जग्गाको राजश्व निर्धारण भई रकम बुझाउन बाँकी भए चालु आ.व. को लागि भूमि प्रशासन कार्यालयबाट तोकिएको न्यूनतम मूल्यांकनको आधारमा राजश्व लिई श्रेस्ता/पूर्जा तयार गर्न जिल्ला भूमि समस्या समाधान समितिलाई निर्देशन दिने निर्णय गरियो ।

४.२ समितिका पदाधिकारी र कर्मचारीको विवरण

(क) समितिका पदाधिकारी

सि.नं	नामथर	पद	सम्पर्क नं.
१	बलभ्रद बास्तोला	अध्यक्ष	९८५१०९२७४२
२	अमिर प्रसाद न्यौपाने	सदस्य	९८४१४२२०६२
३	पद्मनिधि सोती	सदस्य	९८४१७३९५५३
४	रेहाना श्रेष्ठ	सदस्य	९८६५०९३९५५
५	सुशिल डंगोल	सदस्य सचिव	९८५१२७४८१२/ ९८४१४५१९११

(ख) समितिका कर्मचारीहरूको विवरण

सि.नं.	नाम, थर	पद	मोबाइल नं.
१	गोकुल ढुंगेल	उपसचिव	९८४१५२७८२९
२	संजीव कुमार साह	प्रमुख नापी अधिकृत	९८४१४५२९१३
३	द्वारिका नाथ धिताल	प्रमुख नापी अधिकृत	९८४१३११३०९

४	उमेश हरि अधिकारी	शाखा अधिकृत	९८४१५१६८९४
५	बद्रीप्रसाद शर्मा वाग्ले	शाखा अधिकृत	९८४१५४६७८६
६	विनिता उपाध्याय	नापी अधिकृत	९८४३६७४८३२
७	रामहरि वन्जारा	नापी अधिकृत	९८५११९८७५६
८	अमृता राई	नायब सुब्बा	९८४३८४०९७६
९	मनमाया निरौला	लेखापाल	९८४१९१२०२२
१०	एलिना शर्मा	सर्भेक्षक	९८६११४५६९५
११	पवन पौडेल	सर्भेक्षक	९८४३६४२६५६
१२	गायत्रीप्रसाद अधिकारी	सर्भेक्षक	९८४१५५५३०३
१३	राजेशकुमार झा	सर्भेक्षक	९८५१०३७९४०
१४	रामचन्द्र भण्डारी	सर्भेक्षक	९८५६०४१३०७
१५	बसन्त गौतम	सर्भेक्षक	९८५१२५३३४९
१६	रश्मी योगी	सर्भेक्षक	९८६३४८४८५१
१७	बीरबल घलान	कम्प्यूटर अपरेटर	९८४९३९०९४१
१८	पशुपति थपलिया	खरिदार	९८४५६६३१४४
१९	उद्धवराज भट्ट	खरिदार	९७६९८७२७२६
२०	संग्राम भण्डारी	सहायक क. अ.	९८६४८३७५१०
२१	सागर केसी	सहायक क. अ.	९८४३०१३७९९
२२	अमिर बाबु कोइराला	ह.स.चा.	९८६३८००३१९
२३	गोपाल रिजाल	ह.स.चा.	९८६०६७३९५९
२४	सुनिल प्रसाद खरेल	ह.स.चा.	९८४४३४१५८६
२५	कृष्णबहादुर रोका	ह.स.चा.	९७६८४२१५९५
२६	पासाङ लामा	ह.स.चा.	९७६१३१९७४२
२६	सुशिला गिरी	का.स.	९८४१९५५७०३
२७	सावित्री देवी शर्मा ज्ञवाली	का.स.	९८६३०२५११२
२८	अनन्तराज पाण्डेय	का.स.	९८६९०९३५१६
२९	हस्तकला कटुवाल	का.स.	९८४१९८०९४५
३०	रुक्मिणी पौडेल	का.स.	९८४९०६४००३

४.३ जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरणका केही झलकहरू



